का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० जेठ २०८१,
आइतबार
2 June 2024,
Sunday

मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ११० । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

ओलीको असन्तुष्टि

एमाले वर्तमान सत्ता गठबन्धनको प्रमुख घटक हो । यही दलका अध्यक्ष ओलीले सरकारले ल्याएको बजेट अर्थमन्त्री वर्षमान पुन र सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रको जस्तो हुन पुगेको टिप्पणी गरेका हुन् ।

> सरकारमा सहभागी दलहरुसँग परामर्श गरेर, छलफल गरेर बजेट आएको भए धेरै राम्रो बजेट हुनसक्थ्यो । छलफल नहुँदा यो अर्थमन्त्रीको बजेट हो कि ? अर्थमन्त्री भएको पार्टीको बजेट हो कि जस्तो अलि बढ्ता देखिन गएको छ ।
>
> **केपी ओली**
> अध्यक्ष, एमाले



मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, १९ जेठ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारले सत्तारुढ दलहरुसँग प्रयाप्त छलफल नै नगरी आगामी आर्थिक बर्षको बजेट ल्याएको टिप्पणी गरेका छन् ।

बजेटमाथिको छलफलमा भाग लिनु अगाडि सांसदहरुलाई प्रशिक्षित गर्न एमालेले शनिवार पार्टीको संसदीय दलको बैठक राखेको थियो । उक्त बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले बजेटप्रति असन्तुष्टि जनाएका हुन् ।

एमाले वर्तमान सत्ता गठबन्धनको प्रमुख घटक हो । यही दलका अध्यक्ष ओलीले सरकारले ल्याएको बजेट अर्थमन्त्री वर्षमान पुन र सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रको जस्तो हुन पुगेको टिप्पणी गरेका हुन् ।

'...सरकारमा सहभागी दलहरूसँग परामर्श गरेर, छलफल गरेर बजेट आएको भए धेरै राम्रो बजेट हुनसक्थ्यो । छलफल नहुँदा यो अर्थमन्त्रीको बजेट हो कि ? अर्थमन्त्री भएको पार्टीको बजेट हो कि जस्तो अलि बढ्ता देखिन गएको छ' ओलीले भने ।

अध्यक्ष ओलीले सरकारले माओवादी केन्द्रप्रति ढल्किएको बजेट ल्याएको भन्दै अर्थमन्त्री पुनको आलोचना गरेका हुन् ।बजेट समाजवाद उन्मुख हुनुपर्नेमा अन्योलग्रस्त देखिएको भन्दै उनले बजेट निर्माणको प्रक्रियामा नै सरकारले कमीकमजोरी गरेको आरोप लगाए ।

ओलीले भनेका छन्, '...रकमको बाँडफाँट पनि त्यस्तै गरेर अलि बढी एकातिर ढल्किएको

»» पृष्ठ २ मा



नेपाली क्रिकेट टिमका कप्तान रोहित पौडेलको तस्बिर न्युयोर्कको रकफिलर सेन्टर भवनमा प्रस्तुत । तस्बिर : नेपाल क्रिकेट संघ

आजबाट विश्वकप

काठमाडौं/मस– आईसीसी विश्वकप क्रिकेट प्रतियोगिता आजबाट अमेरिका र वेस्टइन्डिजमा शुरु हुँदैछ। विश्वकपको उद्घाटन खेलमा आयोजक राष्ट्र अमेरिका र क्यानडाबीच प्रतिस्पर्धा हुँदैछ । नेपालले भने जुन ४ मंगलबार नेदरल्याण्ड्सविरुद्ध खेल्दै विश्वकपको शुरुवात गर्दैछ । विश्वकपमा नेपाल समूह 'डी'मा रहेको छ। नेपालको समूहमा नेदरल्याण्ड्स सहित टेस्ट राष्ट्रहरु साउथ अफ्रिका, बंगलादेश र श्रीलंका छन् ।नेपालले आफ्नो दोस्रो खेलमा जुन १२ मा श्रीलंकासँग प्रतिस्पर्धा गर्नेछ। यस्तै नेपालले आफ्नो तेस्रो खेलमा जुन १५ मा साउथ अफ्रिकासँग प्रतिस्पर्धा गर्नेछ भने चौथो तथा अन्तिम खेलमा जुन १७ मा बंगलादेशसँग प्रतिस्पर्धा गर्नेछ ।

विश्वकपमा कूल २० राष्ट्रको सहभागिता रहेको छ। २० राष्ट्रलाई चार समूहमा विभाजन गरिएको छ । लिग चरणका खेलपछि सुपर ८ का खेल हुनेछन् । हरेक समूहका शीर्ष दुई टिम सुपर ८ का लागि छनोट हुनेछन् । सुपर ८ मा चार-चार टोलीको दुई वटा समूह हुनेछन् । सुपर ८ को हहरेक समूहबाट शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् । सेमिफाइनलबाट विजेता दुई टोली उपाधिका लागि फाइनलमा प्रतिस्पर्धा गर्नेछन् ।

कार्यविधि कुल्चिदै वर्षान्तमा खर्च

चालु आर्थिक वर्ष सकिन १ महिना १० दिन बाँकी हुँदा सरकारले ६४ दशमलव ४१ प्रतिशत मात्रै खर्च गर्न सकेको छ । यसमध्ये ४२ प्रतिशत रकम मात्रै खर्च भएको छ ।

मनीषा अवस्थी/मध्यान्ह
काठमाडौं, १९ जेठ

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली २०७७ को नियम ३० मा आर्थिक वर्ष समाप्त हुनु भन्दा ७ दिन अगावै भुक्तानी निकासा र खर्चको लेखा अद्यावधिक गराइसक्नु पर्ने व्यवस्था छ। तर सरकारले ऐन उल्लंघन गर्दै हरेक वर्ष वर्षान्तमा गर्ने खर्च अत्यधिक हुने गरेको छ ।

चालु आर्थिक वर्ष सकिन १ महिना १० दिन बाँकी हुँदा सरकारले ६४ दशमलव ४१ प्रतिशत मात्रै खर्च गर्न सकेको छ । यसमध्ये ४२ प्रतिशत रकम मात्रै खर्च भएको छ । चालु आर्थिक वर्षका लागि सरकारले १७ खर्ब ५१ अर्ब ३१ करोड रूपैयाँ विनियोजन गरेको थियो । यसमध्ये सरकारले अबको डेढ महिनामा ४ खर्ब ६ अर्ब २९ करोड रकम खर्च गर्ने बताएको छ ।

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट घोषणाका क्रममा चालु आर्थिक वर्षमा कूल विनियोजित बजेटको ८७.४ प्रतिशत खर्च हुने बताएको छ। यसमध्ये चालु खर्च १० खर्ब ६७ अर्ब ४९ करोड रुपैयाँ अर्थात विनियोजनको ९३.५ प्रतिशत, पुँजीगत खर्च २ खर्ब १५ अर्ब ३० करोड रुपैयाँ अर्थात विनियोजनको ७१.३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २ खर्ब ४७ अर्ब ५५ करोड अर्थात विनियोजनको ८०.५ प्रतिशत खर्च हुने सरकारले बताएको छ ।

यो तथ्यांकले वर्षान्तको एक महिनामा 'बजेटको खोलो' बग्ने विषय दोहोरिने निश्चत भएको छ। वर्षको अन्तिम महिना असारमा कूल खर्चको करिब ३० प्रतिशत रकम खर्च हुने गरेको तथ्यांक भने हरेक वर्षजसो दोहोरिरहेको छ। गत आर्थिक वर्ष २०७९/०८० का लागि विनियोजित १७ खर्ब ९३ अर्ब ९३ करोड बजेटमध्ये जेठ मसान्तसम्ममा ११ खर्ब ७६ अर्ब ६ करोड रूपैयाँ खर्च भएको थियो भने अन्तिम महिना असार मसान्तमा १४ खर्ब २९ अर्ब ५६ करोड रूपैयाँ खर्च भएको थियो। यो तथ्यांकले अन्तिम असार महिनामा मात्रै २ खर्ब ५३ अर्ब ५० करोड खर्च भएको देखिन्छ ।

सधैं उस्तै

यो नयाँ विषय भने होइन । वर्षौंदेखि नेपाली बजेट खर्च गर्न असार मसान्त नजिकिनैपर्छ । पछिल्ला केही आर्थिक वर्षको तथ्यांक हेर्दा आर्थिक वर्षको अन्तिम त्रैमासमा ६० प्रतिशत बढी रकम खर्च गर्न बाँकी रहन्छ । यी तीन महिनामा मात्रै अघिल्ला ९ महिनामा

»» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

युवाहरुलाई रोजगारी दिन उद्योगीहरुसँग श्रममन्त्रीको आग्रह

श्र
मधेस प्रदेश
श्रमाधान
रोजगार
मेला

बीरेन्द्र साह/मध्यान्ह
जनकपुरधाम, १९ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले मधेशबाट ठूलो संख्यामा युवाहरू वैदेशिक रोजगारीमा जाने बाध्यता अन्त्य गर्नका लागि स्थानीयलाई रोजगारी दिन उद्योग व्यवसायीहरुलाई आग्रह गरेका छन्। मधेशको प्रादेशिक राजधानी जनकपुरधाममा शनिबार आयोजित श्रमाधान रोजगार मेलाको उद्घाटन गर्दै मन्त्री अर्यालले बेरोजगारी समस्याले ठूलो संख्यामा मधेशका युवाहरू वैदेशिक रोजगारीमा जान बाध्य रहेको भन्दै त्यसतर्फ रोजगारदाताले ध्यान दिनुपर्ने बताए ।

मन्त्री अर्यालले सरकारले बेरोजगार समस्याको समाधानका लागि रोजगार बैंकको अवधारणा अघि सारेको पनि बताए। नेपालबाट भारत जाने श्रमिकहरूको तथ्यांक संकलनको काम पनि सरकारले गरिरहेको मन्त्री अर्यालले बताए । आन्तरिक तथा वैदेशिक रोजगारीसम्बन्धी

»» पृष्ठ २ मा

कतारमा नेपाली दूतावासद्वारा श्रमिकसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, १९ जेठ

कतारस्थित नेपाली दूतावासले श्रमिक सुरक्षा तथा जनचेतनासम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । दूतावासको आयोजना तथा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारको समन्वयमा सनैयामा अवस्थित फुलवारी रेस्टुरेन्टको सभा हलमा पहिलोपटक आयोजना गरिएको कार्यक्रममा श्रमिकहरूको बाक्लो उपस्थिति रहेको थियो । सार्वजनिक कार्यक्रममा पहिलो पटक सहभागिता जनाएका श्रमिकहरूको पनि उक्त कार्यक्रममा

»» पृष्ठ २ मा

ओझेलमा जण्डौल–कुशहा सडक

> एक दशकयता सप्तरीको जण्डौल-कुशहा सडकका लागि प्रत्येक वर्ष बजेट पर्छ । तर अदालतमा परेको मुद्दा फैसला नहुँदा बजेट खर्च नै हुँदैन, सधैं फ्रिज हुन्छ । आएको बजेट समेत फिर्ता हुँदा स्थानीय विकास निर्माणको काम नहुँदा समस्यामा स्थानीय परेका छन् ।

पिन्टु यादव/मध्यान्ह
सप्तरी, १९ जेठ ।

सप्तरीको जण्डौल-कुशहा सडकको योजना पास भएको एक दशक बित्यो । तर, यो सडकले पूर्णता पाउन सकेको छैन । पछिल्लो एक दशकदेखि सप्तरीको जण्डौल-कुशहा सडकका लागि प्रत्येक वर्ष बजेट पर्छ । तर, अदालतमा परेको मुद्दा फैसला नहुँदा बजेट खर्च नै हुँदैन । यो समस्याको मार स्थानीयले खेपिरहेका छन् । सडेपारदेखी कुशहासम्म ग्रामीण खण्डको कच्ची सडक सुधार नहुँदा स्थानीयहरु बर्खा मौसममा हिलाम्मे बाटो हिड्न बाध्य हुन्छन् । साँघुरो बाटोले गर्दा गाउँमा ठुला सवारीसाधन जान सक्दैनन् ।

तिलाठी कोईलाडी गाउँपालिका-६ का वडा अध्यक्ष रोशन सिंहका अनुसार अदालती प्रक्रियो समेत समस्या पारेको छ । उनी भन्छन्, "अदालती प्रक्रियासँग सामना गर्नुपर्दा यस खण्डको कच्ची सडक बिस्तार हुन सकेको छैन । जसकारण पटक-पटक बजेट फर्केर गएकोले सडक निर्माण अलपत्र परेको हो ।' स्थानीयहरुले अतिक्रमणमा पारेको जग्गा खाली गर्न अनिच्छा देखाउँदा पनि समस्या भएको उनको भनाइ छ । उनी भन्छन् , "सडक निर्माण कार्य अगाडि बढ्दा स्थानीयले अदालतमा मुद्दा लैजाने प्रवृत्तिले यो खण्डको सडक निर्माण ओझेलमा परेको देखिन्छ । बभनगामाकट्टी र मधेपुरामा प्रायः यस्ता जटिलता उत्पन्न हुने

»» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

डोल्पामा धान रोपाइँ मेला

‘माथिल्लो जात’का मानिसलाई काँधमा चढाउने प्रचलनको अन्त्य

पूर्ण कुमार/मध्यान्ह
डोल्पा, १९ जेठ

हिमाली जिल्ला डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-१ स्थित भगवतीको कोट सेरामा विगत वर्षझैं यसवर्ष पनि बाजागाँजासहित धान रोपाइँ मेला सम्पन्न गरिएको छ । तराईमा पानी नपरेर गर्मी बढेपनि हिमाली जिल्लामा भने धान रोपाइँ मेला सकिएको छ ।

विगतका वर्षमा दलितले मन्दिरका रोल क्रमवाला पुजारी र भगवतीको गुठीपालाका पुजारीलगायत छडीदार र फुलहारालाई काँधमा चढाएर कोटसेराकोबीच भागमा पुतली स्वरुपको झण्डा गाड्ने चलन थियो ।

तीन वर्षअघि दलित मुक्तिमोर्चाको नाममा जातीय विभेदविरुद्धका अभियन्ताको विरोधपछि दलितले पुजारीलगायत माथिल्लो जातका मानिसलाई काँधमा चढाउने प्रचलनको अन्त्य भएको छ ।

त्रिपुराकोटस्थित आद्यशक्ति श्रीवाला त्रिपुरासुन्दरी मन्दिरको कोट खौलामा रहेको सेरा नामक गुठीको जग्गामा धान रोपेसँगै धान रोपाइँ मेला सम्पन्न भएको हो ।

रोपाहार र हलीहरु खेतमा धान रोप्नमै मस्त भए । खेतका प्रत्येक कान्लामा धान रोपाइँ हेर्ने मानिसहरुको बाक्लो उपस्थिति थियो । सबैको ध्यान रोपाहारले धान रोपाइँसँगै सुरिलो भाकामा गइरहेका गीतमै केन्द्रित थियो । धान रोप्दै खेतमा रोपार यसरी धान रोपाइँको गीत गाएका थिए ।

रोप, रोप रोप्नेरी औं असारमा गोडौली
आरु फुल्यो ड्यौटी दिम्ला माइत गइ ओडौली ।

कोटसेरामा हुने धान रोपाइँमा मन्दिरका मुख्य पुजारीहरु र हलिको लस्करै हिलो छ्यापाछ्याप गर्ने र हलि रोपाहार र पुजारीले हिलो खेल्ने गरेको हेर्न टाढाका गाउँबाट मानिस कोटसेरामा मेला भर्न आउने गर्छन् ।

भगवतीको कोटसेरामा ९ हल गोरु, ४५/५० जना रोपाहार, ५/६ जना विगारे(माटो सम्याउने) र ३/४ जना कुनाकाप्चे गरेर ७० जनशक्ति प्रयोग हुने गरेका छन् ।

रोपाइँ मेलाको दिनमा सेराज्युलोबाट उब्जेको धानको खाना प्रत्येक घरधुरीलाई पुरी र सेलरोटी हलुवा प्रसादको रुपमा बाँड्ने चलन रहेको अर्का पुजारी लक्ष्मीप्रसाद उपाध्यायले बताए ।

त्रिपुराकोट सार्की टोलको टाँके डाँडामा अवस्थित श्रीवाला त्रिपुरासुन्दरी भगवती मन्दिर वि.सं. १११४ सालमा स्थापना भएपछि वि.सं १८७१ का पुजारीको नाममा प्राप्त लालमोहरमा उल्लेखित ८ मुरीको कोटसेरा, २० मुरीको गल्लीस्थित गुठी जग्गा गरेर २८ मुरी जग्गा गुठीको नाममा रहेको छ । १६ औं शताब्दी पुर्वदेखि मन्दिरका पुजारी उदयराम उपाध्यायाको पालाबाट कोटसेरामा धान रोपाई मेला लाग्न सुरुभएको ८५ वर्षीय रविप्रसाद न्यौपानेले बताए । यत्तिखेर भगवतीको कोट सेरामात्र नभई डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका क्षेत्रमा पर्ने कोटज्युलोमा रोपाहारहरुले खेतमा धान रोप्दै सुरिलो भाकामा गाइरहेको देख्न र सुन्न पाइन्छ ।

अरु जिल्लामा असार १५ देखि धान रोपाइँ हुने भएपनि डोल्पामा प्रत्येक वर्ष जेठ १ गतेबाट रोपाइँ शुरु भएर जेठ १९ गते भगवतीको मन्दिर गुठी जग्गामा धान रोपाइँ गरेसँगै धान रोपाइँ मेला सम्पन्न हुनेगर्छ ।

मानो रोपेर मुरी फलाउने पर्वको रुपमा समेत धान रोपाइँलाई लिने गरिन्छ । यत्तिखेर डोल्पाका त्रिपुराकोट, लिकु, खदाङ्ग, मोतिपुर र दुनैलगायतका गाउँमा किसानलाई धान रोपाइँको चटाराले अन्तिम बिट मार्न थालेको छ ।

धान रोपाइँ मेलामा सहभागि भएमा गाउँमा सिद्दि हुने, बालीनाली सप्रने र समयमा वर्षात भएर उब्जनी राम्रो हुने जनविश्वास छ । रोपाइँको दिनमा सातु, पूरी तथा सेलरोटी पकाएर रोपाहार हली कुनाकाप्चे र विगारेलाई खुवाउने र गीत चुटकिला एवं मागल गाएर रमाइलो गर्ने प्रचलन छ ।

आफ्नो उत्पादनले वर्षमा तीन महिना पनि खान नपुग्ने डोल्पामा पाहुनालाई सत्कार गर्न, गाउँको परिचय दिन, कुलदेवतालाई अक्षताको रुपमा चढाउन र इष्टमित्रलाई कोसेली दिनका लागि भएपनि धान रोपाइँ नगरी नहुने त्रिपुरासुन्दरी नगरपालिका -१ का हरिलाल सार्कीले बताए । डोल्पाको सबैभन्दा बढी धान रोपाइँ त्रिपुरासुन्दरी नगरपालिका -१ कोट गाउँमा गरिन्छ । धान रोपाइँ खर्च धेरै उब्जनी कम भए पनि परम्परा धान्न र पहिचानका लागि कालीकोटे कालो, रातो र मार्सी धानको रोपाइँ गर्ने प्रचलन छ ।

ओलीको...

खालको जस्तो देखिन्छ । यो कमी रहेको छ । यसको निर्माण प्रक्रियामा नै कमी रह्यो, जसले गर्दा त्यो कमी नरहनु पर्दथ्यो, रहन जाँदा यसमा गम्भीर त्रुटिहरू रहे ।’

संसदमा बजेटमाथिको छलफलमा कसरी प्रस्तुत हुने भन्ने विषयमा बोल्दै ओलीले भनेका छन्, ‘हामी जानुपर्ने कतो हो ? सैद्धान्तिक रुपमा कस्तो दिशा समातेको छ ? यी विषयहरुमा केन्द्रित भएर छलफल गर्नेछौं ।’

विनियोजनको सन्दर्भमा पछि गर्ने उनको भनाई छ । उनले भनेका छन्, ‘विनियोजनको सन्दर्भमा पछि हामी फेरि कुन-कुन मन्त्रालय कस्तो विनियोजन भयो ? र त्यसमा कुन-कुन कार्यक्रममा के भएको छ ? कुन नयाँ थपिएको छ, कुन पुरानो जारी छ ? कुन कटौती गरिएको छ ? कुन पूरा भयो, कुन अपुरैमा कटौती भयो ? नाम मात्रैको आयोजना राखियो तर बजेट छुट्याइएन कि ? कहाँ कस्ता कमी रहे, त्यसलाई पनि हेरिनेछ ।’

एमाले अध्यक्ष ओलीले बजेटमा कमी औंल्याए पनि त्यसलाई समर्थन र पारित गरेर जाने एमालेको नीति रहेको स्पष्ट पारे । सरकारले प्रस्तुत गरेको बजेटमाथि आफ्नो पार्टीले खुलेर छलफल गर्न चाहेको पनि उनले बताए । बजेटको समर्थन गरेर अघि बढ्न उनले पार्टीका सांसदहरूलाई निर्देशन दिए ।

कार्यविधि...

भएको खर्चभन्दा पनि बढी खर्च हुने गरेको तथ्यांकले देखाउँछ ।

गत आर्थिक वर्ष २०७९/०८० का पछिल्लो तीन महिनामा मात्रै कूल विकास खर्चको ५५ प्रतिशत रकम खर्च गरेको थियो । अघिल्लो आर्थिको वर्षमा पनि पछिल्ल तीन महिनामा५३ प्रतिशत रकम विकासमा खर्च भएको देखिन्छ ।

नेपालमा आर्थिक वर्षको अन्तिम महिनाका रुपमा रहेको असार शुरु भएपछि मात्रै कूल विनियोजित वार्षिक बजेटको ३५ प्रतिशतदेखि ५० प्रतिशतसम्म खर्च हुने गरेको तथ्याङ्कहरुले देखाउँछ ।

महालेखा परीक्षकको कार्यालयको कार्यालयले पनि असारे विकास खर्चमा पटक पटक प्रश्न उठाउँदै आएको छ । वर्षान्तमा भइरहेको चर्को खर्चबारे महालेखापरीक्षकको कार्यालयले पनि प्रश्न उठाउँदै आएको छ । गत आर्थिक वर्षको वर्षान्तको खर्चबारे महालेखाको ६१औं वार्षिक प्रतिवेदनको परिच्छेद ३ को बुँदा नम्बर २८ मा वर्षान्तको भुक्तानी अन्तर्गत उल्लेख गरिएको छ, ‘ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली २०७७ को नियम ३० मा आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै भुक्तानी दिइ निकासा र खर्चको लेखा अद्यावधिक गराइ भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष १४ खर्ब २१ अर्ब ३२ करोड ७० लाख खर्च भएकोमा २०८० असार महिनामा २ खर्ब ४५ अर्ब ६६ करोड ९१ लाख (१७ दशमलव २८ प्रतिशत) खर्च भएको छ । उक्त खर्चमध्ये असार महिनाको अन्तिम हप्तामा मात्रै ८८ अर्ब ६६ करोड ७७ लाख अर्थात कूल खर्चको ६ दशमलव २४ प्रतिशत खर्च भएको छ । नियमावलीको व्यवस्था पालना गरी स्वीकृत कार्यक्रम र खर्च गर्ने कार्यतालिकाबमोजिम खर्च गरी भुक्तानी गर्नुपर्ने तथा असारको तेस्रो हप्ताभन्दा पछाडि खर्च तथा भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्छ ।’ महालेखाले हरेक वर्षजसो सरकारलाई वर्षान्तको खर्चबारे सचेत गराइरहेको छ ।

युवाहरूलाई ...

समस्या परे पैसा नलाग्ने ११४१ श्रमाधान कल सेन्टरमा गुनासो राख्न पनि उनले आग्रह गरे ।

मधेश प्रदेशकी श्रम तथा यातायातमन्त्री बेचु लुंगेलीले मेलाले मधेश प्रदेशबाट बेरोजगारीको समस्या घटाउने बताइन् । वैदेशिक रोजगारीमा जानेका लागि, देशमै केही गर्छु भन्नेका लागि र वैदेशिक रोजगारीबाट फर्किएकाहरूका लागि मेलामा धेरै कुराहरू सिक्ने अवसर राखिएको पनि उनले बताइन् ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले मेलाले श्रम बजारको मागअनुसार श्रम शक्ति उत्पादनमा सहयोग पुग्ने बताए । नेपाली रोजगार क्षेत्रलाई सुरक्षित, व्यवस्थित र श्रमिक तथा उद्योगमैत्री बनाउँदै लगिने पनि उनले बताए ।

मेलाको उद्घाटन कार्यक्रममा बोल्दै प्रतिनिधि सभा सदस्य मनीष झाले मेलालाई अवसरको रूपमा लिनुपर्ने बताए । ‘हाम्रा युवा विदेश गएर श्रम गर्ने होइन, देश बनाउने काम गर्ने हो,’ उनले भने ।

मेला आइतबारसम्म चल्ने छ । मेलामा श्रम तथा रोजगारसँग सम्बन्धित सरकारी निकायको स्टल, रोजगारदाता, म्यानपावर व्यवसायी, विभिन्न सामाजिक संस्थाहरूलगायत ३५ भन्दा बढी स्टलहरू राखिएको छ । मेलामा श्रम मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, कल सेन्टर, सुरक्षित आप्रवासन सामी, रेमी श्रमाधानलगायत सरकारी स्टलहरू छन् ।

कतारमा...

ठूलो संख्यामा उपस्थित रहेको थियो । दूतावासका श्रम काउन्सिलर टिकामणि न्यौपानेले कामदारका अधिकार र जिम्मेवारीसहित कार्यक्रमको बारेमा जानकारी दिए । पहिलो चरणमा श्रम सहचारी कृष्ण पौडेलले सामाजिक सुरक्षा कोष, कोषमा आवद्ध हुने तरिका, कोषमा आवद्ध भइसकेपछि हुने फाइदाका बारेमा वृत्तचित्रसहित प्रष्ट्याए । वैदेशिक रोजगारीमा रहेका श्रमिकले सामाजिक सुरक्षा कोषबाट प्राप्त गर्ने छुट, अन्य व्यवस्थासहित वैदेशिक रोजगार विभाग तथा सामाजिक सुरक्षा कोषको वेबसाइट, श्रम स्वीकृतिको बारेमा पनि उनले जानकारी गराए । कार्यक्रममा श्रमिकहरूले नबुझेका विषयहरु श्रम सहचारी पौडेलसमक्ष उठाएका थिए भने उठेका प्रश्नहरूको उनले जवाफ दिएका थिए ।

दोस्रो चरणको कार्यक्रममा दूतावासकी तृतीय सचिव सन्ध्या भट्टराईले राहदानी बनाउँदा चाहिने कागजात, म्याद सकिएपछि फारम भर्ने, नवीकरण गर्नेसहित लाग्ने दस्तुरका बारेमा जानकारी दिइन् ।

कतारका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सेफ्टी ट्रेनर गणेश कार्कीले फायर सेफ्टी, हेल्थ एण्ड सेफ्टीलगायत काम गर्दा अपनाउनुपर्ने सुरक्षा र कुनै किसिमको दुर्घटना भए आफू कसरी बच्ने र बचाउने भन्ने बारेमा प्रष्ट पारेका थिए ।

कतारमा रहेका नेपाली एक्सचेन्जहरूमध्ये नबिल बैंकका प्रतिनिधि दीपेन्द्र पौडेल, आईएमए नेपालका प्रतिनिधि हेमराज सुवेदी, सिद्धार्थ बैंकका प्रतिनिधि सुरेश भण्डारीले कतारमा कमाएको पैसा आफ्नो परिवारसमक्ष सुरक्षित कसरी पठाउने, मोबाइल बैंकिङ एप्सको प्रयोग कसरी गर्नेलगायत बैंकका विधि, पद्धतिका बारेमा श्रमिकहरूलाई वृत्तचित्रसहित प्रशिक्षण दिएका थिए ।

दूतावासका प्रथम सचिव कृष्णकुमार सुवेदीले सहजीकरण गरेको कार्यक्रमलाई समापन गर्दै कार्यक्रमका अध्यक्ष राजदूत ढकालले सामाजिक सञ्जालमा समय बर्वाद गर्नुभन्दा समय मिलाएर सामाजिक सुरक्षा कोषका बारेमा युट्युबमा रहेका भिडियो हेर्न अनुरोध गरे । ढकालले दूतावासले सदैव श्रमिकका हितलाई प्राथमिकतामा राखेर काम गर्दै आइरहेको बताउँदै कार्यक्रमबाट सिकेका ज्ञानका कुरा आफ्ना साथीभाइहरूलाई पनि सिकाउन आग्रह गरे । उनले आफूले कर्म गरिरहेको देशको नियम कानूनलाई पालना गर्नसमेत अनुरोध गरे ।

कार्यक्रममा सहभागीहरुले श्रम कानून, राहदानी नवीकरण, बैंकमार्फत मात्र रकम पठाउनु पर्नेसहित सामाजिक सुरक्षा कोषमा आवद्ध हुने तरिका र फोन पेलगायतका विविध पक्षका बारेमा जानकारी पाएको प्रतिक्रिया दिए । उनीहरूले आफूले सिकेको विषय सँगै काम गर्ने सहकर्मी तथा चिनेजानेकाहरुलाई पनि सिकाउने उत्प्रेरणा मिलेको बताए । कार्यक्रम अवधिभर बसेका सहभागीहरुले अन्तरक्रियामा उत्साहजनकरूपमा भाग लिएको नेपाली दूतावासले जनाएको छ ।

ओझेलमा...

गरेकाले एक दसक बितिसक्दा समेत यो सडकले पूर्णता पाउन सकेको छैन ।’’

तिलाठी कोईलाडी गाउँपालिका-७ का वडा अध्यक्ष हरि मण्डलको भनाइमा सडकको पश्चिमतर्फ अतिक्रम गरेका जग्गा स्थानीयले छोडन नमान्दा बाटो विस्तार हुन नसकेको हो ।

सडक विस्तारमा वडा नम्बर ६ का पूर्व वडा अध्यक्ष गोबिन्द यादव नै अवरोधक बनेको उनको आरोप छ । उनका अनुसार यो सडक वडा नम्बर ६ मा रहेको भएतापनि पश्चिमतर्फबाट अतिक्रम गर्दै वडा नम्बर ७ तर्फ धकेल्न खोज्छन् ।

स्थानीय गोबिन्द यादव अनुसार बाटो विस्तार गराउन सबैले पहलकदमी लिनुपर्ने बताउँछन् ।स्थानीयहरु छलफल गरेर सडक विस्तार गर्दा आफुले जग्गा छोडनु पर्ने जग्गा छोड्न आफै तत्पर हुने दाबी गर्छन् । यसै सम्बन्धमा गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डलको प्रतिक्रिया पाउन उनलाई फोन सम्पर्क गर्दा आफु यतिबेला पंचैतीमा व्यस्त रहेकाले पछि सम्पर्क गर्न आग्रह गरे ।

अदालतको आदेशमा समेत पाएनन् मुआब्जाः साबिक बभनगामाकट्टी गाविस वार्ड नम्बर ६ हाल परिवर्तित तिलाठी कोईलाडी गाउँपालिका-७ बस्ने ४८ वर्षीय सदानन्द यादवले ०७३ सालमा ११ जनाविरुद्ध उच्च अदालतमा निशेधज्ञा मिश्रित परमादेश रिट दर्ता गरेका थिए । जन्डौल-कुशहा सडक विस्तार गर्दा आफुहरुको सहमति नलिई एकलौटी ढंगले गर्न खोज्दा अदालतमा मुद्दा दिएका थिए ।

उनले जिल्ला बिकास समितिको कार्यालय सप्तरी,जिल्ला प्राविधिक कार्यालय सप्तरी,कार्यालयको इन्जिनियर चन्द्र नारायण यादव र उपेन्द्र प्रसाद देव,आयोजना प्रमुख प्रदिप बहादुर सिंह यादव,नापी शाखा सप्तरी,गाविसको कार्यालय मधेपुरा र बभनगामाकट्टी,राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण एसएनआरटिपि जण्डौल-कुशहा सडक,अनेक लुम्बिनी जेभी काठमाडौं र त्यसका साइट इन्चार्जमाथि निषेधज्ञा मुद्दा नै चलाएका थिए ।

यस मुद्दामा उच्च अदालत जनकपुर राजविराज इजलासका न्यायाधीश दयानाथ खरेल र न्यायाधीश नसरुल्लाह अंसारीको संयुक्त इजलासले २०७४ साल पौष महिना १६ गते बिपक्षीका नाममा निशेधज्ञा मिश्रित परमादेश जारी गरेको थियो । उक्त फैसलाको जानकारी बिपक्षीहरुलाई दिएपनि अदालतको अपहेलना हुने स्थिति आएकाले पुनः निवेदकले उनीहरूविरुद्ध २०७५ सालमा अपहेलना मुद्दा समेत दर्ता गराएका थिए ।

अदालतको परमादेशपछि निवेदकको घर तोडफोड गर्ने कार्यबाट निवेदकले चार लाख रुपैयाँ बराबरको क्षति भएको दाबी अपहेलना मुद्दामा गरेको पाइन्छ । जसमा उच्च अदालत जनकपुर राजविराज इजलासबाट न्यायाधीश डिल्लीराज आचार्य र बासुदेव आचार्यको संयुक्त इजलासले २०७८ साल वैशाख ५ गते बिपक्षी मध्येका तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष र सोही गाउँपालिकाको नाउँमा उपयुक्त आदेश जारी गरेको थियो ।

जस अनुसार तोडफोड पछि क्षति भएका घरहरूको र सडकमा पर्न गएको निवेदकको जग्गा यकिन गरी कानुन बमोजिम मुल्यांकन गर्ने कार्य प्रस्तुत आदेशमा प्रमाणीकरण भएको मितिले ३ महिनाभित्र गरी गराई निवेदकलाई उपयुक्त मुआब्जा दिनु भनी आदेश गरेको देखाउँछ ।

यद्यपि निवेदक सदानन्द यादवले अहिलेसम्म पीडितहरुले मुआब्जा नपाएको दुखेसो सुनाउँछन् । उनका अनुसार सडक विस्तार न्यायपूर्ण नियतले कसैले गर्न चाहदैनन् । उनले सडक विस्तारको नाममा घरहरू तोडफोड गरिएको बताउँछन् । पश्चिमतर्फबाट अतिक्रम गर्दै पूर्वतर्फ सडक विस्तार गर्नु उपयुक्त नभएको उनले बताए । उनी सर्वे नापीले रेखांकन गरेको ठाउँबाट १०/१० मिटर खाली गराउनु पर्छातर यसरी गर्न चाहदैनन् ।

पत्रकार महासंघको निर्वाचन तोकिएको समयमै सम्पन्न गर्न माग

लेखनाथ सिकारू/मध्यान्ह
काठमाडौं, १९ जेठ

नेपाल पत्रकार महासंघको निर्वाचन तोकिएको समयमै सम्पन्न गर्न वाम पक्षधर ६ संगठनले संयुक्त रुपमा माग गरेका छन् ।

महासंघको जेठ २६ गते तोकिएको निर्वाचनको मिति नजिकिँदै गर्दा सदस्यता र नामावली टुंगो लगाएर सार्वजनिक गर्न ढिलाइ गरिएको भन्दै प्रेस चौतारी, प्रेस सेन्टर नेपाल, समाजवादी प्रेस संगठन नेपाल, प्रगतिशील पत्रकार संघ नेपाल, जनपत्रकार संगठन नेपाल र क्रान्तिकारी प्रेस संगठनले शनिबार संयुक्त विज्ञप्ति प्रकाशित गर्दै महासंघ नेतृत्वलाई छिटो सदस्यता टुंगो लगाइ निर्वाचन गर्न दबाब दिएका हुन् । विज्ञप्तिमा भनिएको छ,‘निर्वाचन प्रयोजनका लागि वैशाख मसान्तभित्र निर्वाचन समितिलाई मतदाता नामावली उपलब्ध गराउन महाधिवेशनले निर्देश गरेकोमा हालसम्म पनि निर्वाचन समितिलाई आधिकारिक सूची उपलब्ध नगराइएकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।’

उनीहरुले महासंघका अद्यावधिक सदस्यहरुको नामावली तत्काल निर्वाचन समितिलाई बुझाई सार्वजनिक गर्न र उक्त नामावलीमा छुट भएका क्रियाशील पत्रकारहरूको नामावली समावेश गरी निर्वाचन समितिबाट प्रक्रिया बमोजिम अन्तिम नामावली प्रकाशन गर्ने वातावरण बनाउन माग गरेका छन् । मतदाता नामावलीमा त्रुटि सच्याउन तथा छुटेका पत्रकारहरूको नाम समेट्नुपर्ने माग गर्दै समाजवादी प्रेस संगठन र प्रेस युनियनसँग आबद्ध पत्रकारहरूले महासंघको केन्द्रीय कार्यालयमा तालाबन्दी गरिरहेका छन् ।

गेरुवामा किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य र अधिकार परियोजना सञ्चालन हुँदै

सन्तोष पौडेल/मध्यान्ह
बर्दिया, १९ जेठ

बर्दियाको गेरुवा गाउँपालिकामा किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य र अधिकार परियोजना सञ्चालन हुने भएको छ । राधाकृष्ण थारु जनसेवा केन्द्र र प्लान इन्टरनेशनल नेपालको साझेदारी तथा कोईकाको आर्थिक सहयोगमा परियोजना सञ्चालन हुने भएको हो ।

किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्यमा सुधार ल्याउन र अधिकारमा पहुँच बढाउन अझै आवश्यक भएकाले परियोजनाको दोस्रो चरण गेरुवा गाउँपालिकामा कार्यान्वयन गर्न लागिएको परियोजना संयोजक सुरज अर्यालले बताए । आधारभूत विद्यालय, समुदाय र स्वास्थ्य संस्थालाई कार्यक्षेत्र बनाएको परियोजनाले किशोरकिशोरी र युवाहरूको यौन प्रजनन स्वास्थ्य अधिकार सुधार गर्न समुदायका सदस्यहरूलाई संलग्न गराउँदै यौन प्रजनन स्वास्थ्य अधिकारबारे समुदायमा चेतना बढाउने परियोजना संयोजक अर्यालले जानकारी गराए । उनका अनुसार कक्षा ६ देखि १२ सम्मका किशोरकिशोरी, अभिभावक ,परिवार तथा समुदाय, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति, सामुदायिक महिला, स्वास्थ्य स्वयंसेविका, समुदायका अगुवा तथा धार्मिक गुरु तथा स्थानीय सरकार परियोजनाको लक्षित समूह हो । ‘परियोजनाले नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको बाल बालविवाह र किशोरावस्थामा हुने गर्भपतन न्यूनीकरणमा योगदान पुऱ्याउने, दिगो प्रभावका लागि प्रथम चरणको परियोजनाबाट प्राप्त उपलब्धिहरू र सिकाइहरुलाई अवलम्बन गर्ने, किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको उदीयमान माग पूरा गर्ने तथा किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारप्रतिको धारणा र व्यवहारमा परिवर्तन ल्याउने गरी परियोजनाले काम गर्नेछ,’ परियोजना संयोजक अर्यालले भने ।

रौतहटमा सेनाको निःशुल्क स्वस्थ्य शिविर, दुई हजार बढी लाभान्वित

रामएकवाल साह/मध्यान्ह
रौतहट, १९ जेठ

नेपाली सेना वीरदल गणको आयोजना र गढीमाई नगरपालिकाको सहकार्यमा एक दिने निःशुल्क बृहत् स्वस्थ्य शिविर सम्पन्न भएको छ ।

गढीमाई नगरभरीका जनताहरुका लागि लक्षित गर्दै शिविर सञ्चालन गरिएको बीरदल गणका प्रमुख सेनानी गंगबहादुर विष्टले बताए ।

गढीमाई नगरपालिका मेयर श्याम प्रसाद यादव र वडा अध्यक्ष दिपेन्द्र श्रेष्ठका अनुसार तीन हजारको उपचार गराउन लक्ष्य लिएकोमा दुई हजार एक जनाको उपचार गराइएको छ ।

जसमा ९ सय ७६ जना आँखा रोगी, ७८ जना मोतिया विन्दु, ३ सय ३६ जना चश्मा र ३ सय ९८ जनालाई निःशुल्क औषधी वितरण गरिएको छ ।

मध्यपूर्वी पृतना हेड क्वाटर निर्देशनालय र २८ नं.वाहिनी अडाका विशेष पहला शिविरका सहायकरथी राजेन्द्रमणी गिरीको टोली र वरिष्ठ चिकित्सक चितवन र रौतहटमा रहेका प्रादेशिक अस्पतालका चिकित्सहरु एवं विभिन्न संघसंस्थाका आँखा अस्पताल पुरेनवा, टोली, नेपाल नेत्र ज्योती संघ, नेपाल आइकेयर सेन्टर, त्रिनेत्र आँखा अस्पतालद्वारा आँखा रोग, बालरोग, स्त्रीरोग दाँत, रक्तचाप, छालारोग र अन्य रोगहरुको उपचारको गरिएको छ ।

सो शिविरमा जिल्ला समन्वय समितिका सभापति रामअयोध्या राय यादव, प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, राष्ट्रिय अनुसन्धानका प्रहरी उपरीक्षक अभिनम सिंह, गढीमाई नगरपालिका मेयर श्याम प्रसाद यादव, वडा अध्यक्ष दिपेन्द्र श्रेष्ठ, शंकर गुदर मा.वि.का शिक्षकहरु, आँखा अस्पताल पुरेनवाका चिकित्सक, लाइन्स क्लब चन्द्रपुर र प्रभु बैंक गौरले चिकित्सकहरुलाई खाना, नास्ता, चकलेट र पानीको निःशुल्क व्यवस्था गरेको थियो ।

नेपाल स्रस्टा समाज बागमती प्रदेश तदर्थ समिति घोषणा

काठमाडौं/मस–नेपाल स्रस्टा समाज बागमती प्रदेश तदर्थ समितिको विधिवत घोषणा गरिएको छ । नेपाल स्रस्टा समाज बागमती प्रदेश तदर्थ समितिको आयोजनामा काठमाडौं अनामनगरमा एक कार्यक्रमको आयोजना गरी तदर्थ समिति घोषणा गरिएको हो ।

यस्तै सो अवसरमा कवि सुस्मा आचार्यद्वारा लिखित कविता संग्रह अक्षरको आयतनमाथि अन्तरक्रिया समेत गरिएको छ ।

बागमती प्रदेश तदर्थ समितिका संयोजक रविन्द्र आशिष शैलिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल स्रस्टा समाजका पदाधिकारी तथा सदस्यहरु, बागमती प्रदेश तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरु, साहित्य क्षेत्रमा विशिष्ट स्थान हासिल गरेका साहित्यकार तथा पत्रकारहरुको उपस्थिति रहेको थियो ।

गीतकार हरिकृष्ण धिताल(एच.के.)द्वारा सञ्चालन गरिएको उक्त कार्यक्रमको प्रमुख अतिथिमा नेपाल स्रस्टा समाजका अध्यक्ष श्रीॐ श्रेष्ठ रोदन, विशिष्ट अतिथिहरुमा संरक्षक तथा नियात्राकार पवन आलोक, गीतकार संघ, नेपालका अध्यक्ष बसन्त बित्यासी थापा, समालोचक प्रा.डा. ज्ञानु अधिकारी,अनेसास नेपाल च्याप्टर अध्यक्ष राजेन्द्र के.सी.,कोशी प्रदेश तदर्थ समिति अध्यक्ष कृष्णप्रसाद भण्डारी मार्सेली, भानु प्रतिस्ठानका कोषाध्यक्ष हरिबोल ढकाल रहेका थिए ।

दुई चरणमा सञ्चालित उक्त कार्यक्रममा प्रमुख अतिथि रोदनले ७ सदस्यीय बागमती प्रदेश तदर्थ समितिको विधिवत घोषणा गरेका थिए । उक्त समितिमा रविन्द्र आशिष शैली(काभ्रेपलान्चोक) संयोजक, हरिकृष्ण धिताल(काठमाडौं) सचिव,सदस्यहरुमा बिष्णु थापा(काठमाडौं),सुस्मा आचार्य(ललितपुर),एलिसा ढुंगाना(काभ्रेपलान्चोक),देवराज खरेल(मकवानपुर) र रेहित सैंजु(रामेछाप) छन् ।

दोस्रो सेसनमा कवि सुस्मा आचार्यद्वारा लिखित कविता संग्रह अक्षरको आयतनमाथि स्रस्टा आचार्य र उपस्थित पाठकहरुबीच अन्तरक्रिया सम्पन्न भएको थियो । अन्तरक्रियापछि समालोचक प्रा.डा.ज्ञानु अधिकारीले समीक्षात्मक टिप्पणी गरेकी थिइन् ।

उक्त कार्यक्रममा लब्ध प्रतिष्ठित साहित्यकारहरु राधेश्याम लेकाली, देवीका तिमल्सिना, माधव बिडारी, लब खड्का, प्रतीक घिमिरे, गंगाप्रसाद भेटवाल, छबिरमण सिलवाल, सुशिला सापकोटा, मधु पाठक, सुरेन्द्र पौडेल, भरत बमजन, मानन्धर आभागी, राज प्रदिप सिंह, भुवन सिवाकोटी, तुलसीहरि कोईराला, रुद्र अधिकारी, बिमल भौकाजी, प्रकाश घायल र डिल्लिरमण सुवेदी लगायतको उपस्थित रहेको थियो ।

अत्यधिक गर्मीले बाणगंगाका विद्यालय ६ दिन बिदा

मध्यान्ह संवाददाता
कपिलवस्तु, १९ जेठ

कपिलवस्तु सहित तराई मधेशमा बढेको अत्यधिक गर्मीका कारण पठनपाठनमै समस्या भएपछि बाणगङ्गा नगरपालिकाभित्रका विद्यालय बन्द भएका छन् । नगरपालिकाले एक सूचना सार्वजनिक गर्दै गर्मीका कारण जनजीवन प्रभावित भएको र बालबालिकाहरूको स्वास्थ्यमा समेत असर पर्ने भएकाले आगामी २० गतेदेखि २५ गतेसम्म नगरभित्रका सम्पूर्ण विद्यालयहरू बन्द गर्ने निर्णय गरिएको जनाएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भक्तिराम मरासिनीद्वारा हस्ताक्षरित सूचनामा बर्खे बिदाबाट कट्टा हुने गरी आगामी आइतबारदेखि शुक्रबारसम्मका लागि ६ दिन बिदा दिने निर्णय गरिएको जनाइएको छ ।

पछिल्ला केही दिनयता बाणगङ्गासहित कपिलवस्तु र तराइ मधेशका जिल्लामा अत्यधिकरुपमा गर्मी बढिरहेको छ । बिहीबार र शुक्रबार कपिलवस्तुको सदरमुकाम तौलिहवाको तापक्रम ४६, बाणगङ्गाको ४३ डिग्री सेल्सियस भन्दा माथि पुगेको थियो । तापक्रम ४० डिग्रीभन्दा माथि पुगेपछि जनजीवन प्रभावित बनेको छ । गर्मी अझै केही दिन बढ्ने मौसमविद्हरूले बताएका छन् ।

नयाँ नेतृत्व चयन गर्दै सकियो खोटाङ सेवा समाज कतारको अधिवेशन

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, १९ जेठ

कतारको पहिलो सामाजिक संस्था खोटाङ सेवा समाज कतारको १२औं अधिवेशन-२०२४ सम्पन्न भएको छ । शुक्रबार वेलफेयर रेस्टुरेन्टको सभा हलमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट आगामी एक कार्यकालका लागि डिल्लिशेर खड्काको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मतरूपमा चयन भएको छ ।

कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा पर्शुराम श्रेष्ठ (पवन), उपाध्यक्षहरूमा क्रमशः चुडामणि पुरी, जीवन राई र रबिन शेर्पा, महासचिवमा महेश दाहाल, सचिवमा बुद्धि गिरी र सरोज काजी पाण्डे, कोषाध्यक्षमा विश्वकला राई र सह-कोषाध्यक्षमा श्याम आचार्य चयन भएका छन् । त्यस्तै कार्यसमितिका सदस्यहरूमा एसन भुजेल, तेज बहादुर खत्री, अपिस राई, सञ्जीव परियार, चित्र कुमार गुरुङ, लेखनाथ पुरी, सुजन थुलुङ राई, एलिशा राई र प्रेम बहादुर राई चयन भएका छन् । नयाँ कार्यसमितिलाई निर्वाचन समितिका संयोजक रुद्र प्रसाद आचार्यले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

समाजका अध्यक्ष कैलाश श्रेष्ठको सभापतित्व तथा गैरआवासीय नेपाली संघ (एनआरएनए एनसीसी) कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको हो । कतारमा स्थापित विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरू तथा पत्रकारहरूको विशेष उपस्थितिसहित शुभकामना मन्तव्य रहेको थियो । अधिवेशनमा बोल्ने वक्ताहरूले कतारको जेठो संस्थाले कतार र जिल्लामा मानवीय हितमा गरेका कार्यसम्पादनको प्रशंसा गरेका थिए ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि भट्टले कतारमा सामाजिक संस्थाको शुरुवात खोटाङबाट भएको र त्यसको प्रत्यक्ष साक्षी आफू रहेको बताए । आफू वि.सं. २०५३ मा कतार आएको र २०५४ मा यस संस्थाको स्थापना भएको स्मरण गर्दै उनले समाजले एनसीसीसँग समेत समन्वय गर्दै कार्यसम्पादन गर्ने गरेकोप्रति खुसी व्यक्त गरे । भट्टले भोजपुरको एक विकट गाउँमा स्कुल बनाउन कतार च्यारिटीसँग समन्वय गरिरहेको जानकारी दिँदै एनसीसीको यही कार्यकालमै नेपाली स्कुल र कल्चरल हाउस सञ्चालनका लागि तदारुकतासँग छलफल अगाडि बढिरहेको बताए ।कलाकार गौतम लिम्बूले एकल गायन, गुना मगर 'निशु' र एकराज राईले युगल गायन तथा नृत्यंगना सरिता श्रेष्ठ, निरु श्रेष्ठ र सुनिता शेर्पाले आफ्नो नृत्यमार्फत उपस्थितलाई मनोरञ्जन प्रदान गरे । अधिवेशनमा खोटाङे साहित्यकार लेख कार्कीले गजल वाचन गरेका थिए । कार्यक्रममार्फत समाजभित्र र बाहिरका विभिन्न व्यक्तित्वहरुलाई समाजलाई विशेष योगदान पुऱ्याएको भन्दै सम्मान पत्र तथा कदरपत्रद्वारा सम्मान गरिएको थियो ।

अधिवेशनमार्फत एनआरएनए द सिंगर प्रतियोगितामा फाइनलिष्ट बनेकी लोक तथा दोहोरी गायिका गुना मगर र गैरआवासीय नेपाली तारा-२०२३ मा नृत्य विधातर्फ फाइनलिष्ट बन्न सफल निरु श्रेष्ठलाई नगदसहित बधाई तथा प्रोत्साहन पत्रले सम्मान गरिएको थियो भने अधिवेशनमा सांगीतिक प्रस्तुति दिने कलाकारलाई नगद पारिश्रमिक उपलब्ध गराइएको थियो । अधिवेशनमार्फत समाजका प्रमुख सल्लाहकार रुद्र प्रसाद आचार्यलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । समाजका सल्लाहकारहरूको तर्फबाट जैवी राई, संस्थापनका तर्फबाट संस्थापक सदस्य चानक पोखरेलले शुभकामना मन्तव्य राखेका थिए । वरिष्ठ उपाध्यक्ष डिल्लिशेर खड्काले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई महासचिव पर्शुराम श्रेष्ठले सहजीकरण गरेका थिए भने खुला सत्रको समापन गर्दै सभापति श्रेष्ठले ११औं अधिवेशनदेखि १२ औं अधिवेशनसम्मको एक कार्यकाल सफल बनाउन सहयोग गर्ने सम्पूर्णमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गरेका थिए ।

नदीजन्य पदार्थ उत्खनन

ठेक्का प्रक्रियामा नै गम्भीर त्रुटि

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, १९ जेठ

रौटहट गढीमाई नगरपालिकाले ऐन कानून र प्रक्रियालाई मिचेर नदीजन्य पदार्थ उत्खनन गर्न ठेक्का प्रक्रियामा गम्भीर त्रुटि गरेको पाइएको छ । चरम लापरवाहीको कारण लाखौं राजस्व खेर गइरहेको छ ।

गढीमाई नगरपालिकाको नगरप्रमुख श्याम प्रसाद यादवको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवले वागमती नदीबाट नदीजन्य पदार्थको उत्खनन गर्न ठेक्का बन्दोबस्त मिलाउँदा समयमै नगरपालिकालाई आर्थिक असर पर्ने गरी ठूलो गल्ती गरेको रहस्य बाहिरिएको छ ।

पृथ्वी निर्माण सेवाले एक करोड पाँच लाखमा ठेक्का सकार गरेको थियो । ठेक्का सकार गरेका निर्माण कम्पनीले पहिलो चरणमा ३० प्रतिशत रकम नगरपालिकाको खातामा जम्मा गरेपछि मात्रै पट्टा दिने प्रावधान रहेको छ, तर निर्माण कम्पनीले नगरप्रमुख यादवको खातामा २० लाख रुपैयाँ र प्रमुख प्रशासकीय अधिकृत श्रीदेवको खातामा पाँच लाख रुपैयाँ पठाएर उत्खनन गर्न इजाजत पत्र पाएको नगरपालिका स्रोतले जनाएको छ ।

त्यति मात्रै नभइ ठेक्का लागेवपतको रकम नगरपालिकामा किन जम्मा गरेन भनेर अन्य सदस्यहरु खोजतलास गर्न थालेपछि निर्माण कम्पनीले नगरपालिकालाई साढे दश लाख र ७ लाख ५१ हजार रुपैयाँको दुई वटा राष्ट्रिय वाणिज्य बैंक चन्द्रपुर शाखाको चेकबुक २०८० फागुन २९ गते नगरपालिकालाई दिएको देखिन्छन् । तर उक्त चेक नगरपालिकाको खातामा अहिलेसम्म जम्मा भएको छैनन् । त्यसै नगरपालिकामा थन्किएको उक्त स्रोतले जनाएको छ ।

नगरपालिकाको राजस्वलाई प्रत्यक्ष रुपमा प्रभावित पार्नमा नगरप्रमख यादव र प्रमुख प्रशासकीय अधिकृत श्रीदेवको कारण ठूलो आर्थिक नोक्सानी व्यहोरी रहेको ती स्रोतले बताए । अहिले दैनिक रुपमा बागमती नदीको धार थुनेर दैनिक तीनदेखि चार सय टिपर तथा अनगिन्ती ट्रेक्टरले गिट्टी, ग्रावेल, बालुवा र ढुंगा उत्खनन गरेको पाइएको छ । ठेक्का वापतको रकम अहिलेसम्म ६२ लाख रुपैयाँ जम्मा गरिसकेको नगरपालिकाबाट बुझिएको छ ।

ठेक्का लागेदेखि नै उत्खनन गर्नमा अहिलेसम्म व्यापक अनियमितता भएको विभिन्न समाचार बाहिरिएपछि बल्ल जिल्ला अनुगमन समितिले उत्खनन माथि रोक लगाएर ठेक्का लगाइएको प्रक्रिया सम्बन्धी कागजपत्रहरु नियन्त्रणमा लिएको बताइएको छ ।

नियन्त्रणमा लिइएको कागजपत्रको अध्ययन गर्दा नगरपालिकालाई बुझाउनुपर्ने राजस्व समेत नबुझाइ महिनौँदेखि नदीमा दोहन कार्य भइरहेको प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले प्रारम्भिक अनुसन्धानमा देखिएको बताए ।

जथाभावी रुपमा नदीको अवैध दोहन गर्न दिएका नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतले राजस्वको चेक बैंकमा नबुझाएर नगरपालिकाको आन्तरिक आय स्रोतलाई आर्थिक नोक्सानी पुऱ्याएको स्थानीय बताउँछन् ।

नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत मिलेर निर्माण कम्पनीलाई तोकिएको परिमाणमा नदीजन्य पदार्थ निकाल्न नसकी घाटा भएको देखाउने चलखेल गरिरहेको स्रोतले दाबी गर्दै विगतमा पनि यस्तै गरेर नगरपालिकालाई ठूलो आर्थिक नोक्सानी पुऱ्याउनमा माहिर रहेका नगरप्रमुख यादव र प्रमुख प्रशासकीय अधिकृतविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कसुर अनुसारको कारवाही गर्न माग गरिएका छन् ।

यस विषयमा नगरप्रमुख यादवसँग बुझ्न खोज्दा दुबै जनाको मोवाइलको स्वीच अफ रहेको छ । प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवले ठेक्का लागेको रकममध्ये ९० प्रतिशत रकम निर्माण कम्पनीले जम्मा गराइसकेको दाबी गरे ।

एमालेको एकल बहुमत ल्याउने गरी खटिन नेता कार्यकर्तालाई निर्देशन

सुनिल आउजी/मध्यान्ह
धनगढी, १९ जेठ

नेकपा एमालेका स्थायी समिति सदस्य तथा संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले आगामी निर्वाचनमा एमालेको एकल बहुमतको सरकार बनाउने गरी अगाडि बढ्न नेता कार्यकर्ताहरुलाई निर्देशन दिएका छन् ।

कैलालीको धनगढीमा आयोजना गरिएको सदस्यता नवीकरण तथा अनलाइन अभिलेखीकरण विषयक अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रममा नेता अधिकारीले तीनै तहको सरकारमा एकल बहुमतको सरकार बनाउने गरी अगाडि बढ्न नेता कार्यकर्ताहरुलाई निर्देशन दिएका हुन् । एमाले नेतृत्वको एकल बहुमतको सरकार गठन भएपछि राजनीतिक अस्थिरता अन्त्य हुने उनले दाबी गरे ।

उनले अहिले एमाले मुलुककै सबैभन्दा बलियो, लोकप्रिय र सर्वाधिक रुचाइएको पार्टी रहेको जिकिर गरे । अब पार्टीलाई प्रविधिसँग जोड्नुपर्ने बेला आएको उनले बताए । 'अहिले पार्टी केन्द्रले सदस्यहरूको शुद्धीकरणबाट अगाडि बढाउने लक्ष्यसहित यो अभियान चलाइरहेको छ' उनले भने, 'पार्टी सदस्यता शुद्धीकरण अभियानलाई अगाडि बढाउन पनि यहाँ उपस्थित भएका हौं । सदस्यहरूको विवरण र अभिलेख अब अनलाइन पद्धतिबाट लैजान्छौं ।'

कार्यक्रममा पोलिटब्युरो सदस्य तथा पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावलले एमालेप्रति जनमत बढ्दै गएको भन्दै अझै जनता केन्द्रित कार्यक्रम र गतिविधि बढाउनुपर्ने उल्लेख गरे । अहिले तत्काल सुदूरपश्चिम प्रदेश सरकारमा एमाले सहभागी नहुने भए पनि नीति तथा कार्यक्रम र बजेटका लागि सरकारलाई सुझाव दिइएको उनले बताए ।

सुदूरपश्चिम प्रदेश संगठन विभागले आयोजना गरेको एकदिने अन्तरक्रिया कार्यक्रमको सञ्चालन प्रदेश संगठन विभाग प्रमुख रणबहादुर चन्दले गरेका थिए । कार्यक्रमको अध्यक्षता पार्टी प्रदेश अध्यक्ष कृष्ण प्रसाद जैशीले गरेका थिए ।

कार्यक्रममा स्थायी कमिटी सदस्य तथा संगठन विभाग प्रमुख अधिकारी, पोलिटब्युरो सदस्य रावल, केन्द्रीय सचिव तथा संगठन विभाग सचिव माधव ढुंगेल, केन्द्रीय सदस्य तथा संगठन विभाग केन्द्रीय सदस्य लालबहादुर थापा, प्रदेश उपसचिव एवम् प्रचार तथा प्रकाशन विभाग प्रमुख भागरथी विष्ट, उपसचिव नरबहादुर विश्वकर्मासहित प्रदेश संगठन विभाग पदाधिकारी तथा सदस्य, जिल्ला अध्यक्ष, सचिव, संगठन विभाग प्रमुख तथा कार्यालय सचिवहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा स्वागत मन्तव्य प्रदेश उपसचिव एवम् प्रचार तथा प्रकाशन विभाग प्रमुख भागरथी बिष्टले गरेकी थिइन् ।

अत्यधिक गर्मीका कारण कपिलवस्तुमा ५५ वर्षीय पुरुषको मृत्यु

क्षितिज किरण/मध्यान्ह
कपिलवस्तु, १९ जेठ

'अत्यधिक गर्मी'का कारण कपिलवस्तुको बुद्धभुमी नगरपालिका वडा नम्बर १ कपासी टोलमा एक जनाका मृत्यु भएको छ । आफ्नो छोरीलाई इमिलियाबाट भेटेर फर्किनेक्रममा अर्घाखाँची अर्घाका ५२ वर्षीय थानेश्वर परियारको मृत्यु भएको हो । गत जेठ १५ गते परियार आफ्नो घरबाट छोरीलाई भेट्न भनी घरबाट निस्किएका थिए । जेठ १७ गते बिहीबार साँझ साढे ६ बजे तिर उनी कपसीको कडेल टोलमा मृत अवस्थामा फेला परेका हुन् । वडाध्यक्ष तिलक बस्नेतले परियारको मृत्यु गर्मीकै कारण भएको प्रारम्भिक रुपमा देखिएको जानकारी दिए । शुक्रबार मात्र उनको पहिचान खुलेको थियो । इलाका प्रहरी कार्यालय गोरुसिंगेका प्रहरी निरीक्षक बील बहादुर सुनारले स्थानवासीले दिएको विवरण अनुसार परियारको मृत्यु गर्मीकै कारण रहेको प्रारम्भिक रुपमा देखिएको बताए । मृतकको शवको कपिलवस्तु अस्पतालमा पोस्टमार्टम पछि आउने प्रतिवेदनले मृत्युको सही कारण खुल्ने उनले बताए । मृतकको शरीरको कुनै भागमा चोट छैन । मृतककी छोरी सम्झनाले आफूसँग भेटेर घर फर्किदा बुवाको अवस्था राम्रै रहेको बताइन् । एक सातायता जिल्लाको अधिकतम तापक्रम ४० डिग्री सेल्सियस बढी रहँदै आएको छ । अत्यधिक गर्मीले जनजीवन कष्टकर बनेको छ ।

अतिसीमान्तकृत वर्गलाई केन्द्रित गरेर नीति निर्माण गर्नुपर्नेमा जोड

कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, १९ जेठ

सुर्खेतमा प्रादेशिक नीति निर्माण प्रक्रियामा अतिसीमान्तकृत तथा न्यून प्रतिनिधित्व रहेका समुदायको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वको सवाल विषयक अन्तरक्रिया कार्यक्रम गरिएको छ । 'हाम्रो आवाज, हाम्रो समावेशिता, प्रादेशिक नीति निर्माण प्रक्रियामा हाम्रो अर्थपूर्ण सहभागिता' भन्ने मूल नारालाई आत्मसात गर्दै शुक्रबार वीरेन्द्रनगरमा जनचेतना पैरवी सञ्जालको आयोजनामा अन्तरक्रिया कार्यक्रम गरिएको हो । राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ नेपालको सहकार्य तथा अपाङ्ग जनचेतना तथा सञ्चार सेवा केन्द्र र युएन ओमानको आर्थिक सहयोगमा उक्त कार्यक्रम गरिएको अपाङ्गता जनचेतना तथा सञ्चार सेवा केन्द्र सुर्खेतका अध्यक्ष विष्णुप्रसाद भट्टराईले जानकारी दिए । अन्तरक्रिया कार्यक्रममा अपाङ्गता भएका अतिसीमान्तकृत र न्यून प्रतिनिधित्व रहेका समुदाय केन्द्रित प्रदेश सरकारले नीति निर्माण गर्नुपर्ने विषयलाई जोड दिइएको थियो ।

कार्यक्रममा विभिन्न समुदायको प्रतिनिधित्व हुने गरी ४० जनाभन्दा बढीको सहभागिता रहेको थियो । कार्यक्रममा अपाङ्गता, अतिसीमान्तकृत समुदायलाई कसरी अरु सरह अधिकार दिन सकिन्छ ? कस्तो नीति निर्माण गर्नु आवश्यक छ ? भन्ने विषयमा छलफल भएको थियो । कार्यक्रममा बोल्दै कर्णाली प्रदेश सांसद एवम् प्रमुख अतिथि विजया बुढाले आफूहरु जनताका आवाजहरू उठाउने ठाउँमा भएपनि कतिपय कुरा पूरा गर्न नसकेको बताइन् ।

उनले आगामी आर्थिक वर्षमा आफूले सकेजति अपाङ्गतासम्बन्धी बजेटलाई प्राथमिकता दिन लगाउने बताउँदै त्यसका लागि आफू आवाज उठाउन सदन तथा सडकमा आन्दोलन गर्न तत्पर रहेको जिकिर गरिन् । साथै सांसद बुढाले प्रदेश सरकारले अपाङ्गताका बारेमा बजेट नै थोरै छुट्याउने गरेको हुँदा मागहरु पूरा गर्न नसकेको बताइन् । वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख नीलकण्ठ खनालले अपाङ्गता भएका व्यक्तिहरूमा एकता हुनुपर्ने बताए । यस्तै स्वागत मन्तव्य राख्दै जनचेतना पैरवी सञ्जालका सदस्य एवम् अपाङ्ग महिला समाज सुर्खेतकी अध्यक्ष तुलसी बुढाले बजेटले अझै पनि अपाङ्गतालाई चिन्न नसकेको गुनासो गरिन् । उनले अपाङ्गता भएका व्यक्तिमा पनि विविधता भएको बताइन् ।

यस्तै इन्सेक कर्णालीका संयोजक नारायण सुवेदीले अपाङ्गतासम्बन्धी भएका नीति पनि कार्यान्वयन नहुँदा अर्थपूर्ण सहभागिता नभएको बताए । उनले यसका लागि राजनीतिक दलहरूलाई खबरदारी गर्नुपर्ने जिकिर गरे । यस्तै कार्यक्रममा सहभागी भएका सुर्खेत अपाङ्ग संघका अध्यक्ष मायाराम जैसीले शुरुमा आफूबाट परिवर्तन हुनुपर्ने बताए । उनले कर्णाली सरकारले अपाङ्गताका लागि आगामी आर्थिक वर्षमा बजेट बढाउनुपर्ने उल्लेख गरे । साथै अध्यक्ष जैसीले अपाङ्गता भएका व्यक्तिले संविधानले दिएको हक तथा अधिकार पनि उपभोग गर्न नपाएको गुनासो गरे ।

कार्यक्रममा सहभागी भएकाहरूले आगामी आर्थिक वर्षको बजेट तथा नीति निर्माणमा सीमान्तकृत वर्गहरूको पनि अर्थपूर्ण सहभागिता हुनुपर्ने बताए । उनीहरूले स्थानीय सरकार अझै पनि पुरातन सोच र पितृसत्तात्मक शैलीबाटै सञ्चालन भइरहेको गुनासो गरे ।

आवश्यकता

एक प्रतिष्ठित म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरुको आवश्यकता भएको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो शैक्षिक योग्यता, बायोडाटा र अनुभवका प्रमाण-पत्र सहित सम्पर्क राख्नुहोला ।

पब्लिक रिलेसन अफिसर (PRO) - २ जना

योग्यता : पब्लिक रिलेसन राम्रो भएको र कम्तिमा २ बर्ष सम्बन्धित काममा अनुभव भएको हुनुपर्नेछ ।

तलब आपसी सहमतीमा तय गरिनेछ ।

Relation Employment Service Pvt. Ltd.
Lic. No. 906/067/068
Basundhara, Kathmandu,
Ph.: 01-4959803, 4960094, 9801116435
Send CV To : Email: bishal@res.com.np

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०८/३० मा दर्ता भएको **प्रा.लि.नं. ५८५१७** को **सुर्योदय विल्डर्स एण्ड डेभलपर्स प्रा.लि**. को मिति २०८०/०९/२१ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटरः चित्र बहादुर कुत्ताल विष्ट, इजाजत पत्र नं. २१३
ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८४००९३३५८, ९८४३२२४१९५

साउदीमा रोजगार
कम्पनीः COFFEE COTTAGE COMMERCIAL ESTABLISHMENT
शहरः Jeddah
पुर्व स्वीकृत मितिः २०८१/०२/१८ चलानी नं.: ६०२२०३६८ L.T. No.: 305609

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रू.							
1.	Food And Beverage Counter Worker	2	0	स. काममा दक्ष	1200	४२,६३६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ जेठ २७ गते (9 June 2024) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	कामदारले तिर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	कामदारले तिर्ने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु. १०,०००/- कामदारले तिर्ने

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

FAZAL INTERNATIONAL PVT. LTD.
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

Vacancy Announcement

One of the reputed recruitment manpower agency is seeking for following applicant.

Receptionist : 2 (Female)

Salary 15000 to 18000

Requirements:
★Managing security and telecommunications systems.
★Must have knowledge of basic computer.

Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at earhsmartneapl1050@gmail.com

Earth Smart Human Resources Nepal Pvt.ltd.
Gov. Lic No. 1050/073/074
Sinamangal- 9, Kathmandu, Tel : 4488286, 4487985
Mobile No: 9851144106. Web.: www.earthsmart-nepal.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonsmos.co.np
www.harvestmoongroup.com

सम्पादकीय

सरकारले दिनुपर्ने शीतल

जल तथा मौसम विज्ञान विभागले यो वर्ष छैटौपटक तातो हावा आउन सक्ने चेतावनी जारी गरिसकेको छ । मनसुन भित्रन नसकेकाले तातो हावाको चेतावनी फेरि थपिन सक्ने अनुमान गरिएको छ । तातो हावाले तराईका जिल्लाहरूका जनजीवनलाई नराम्रो असर गर्ने भएकाले विभागले पूर्व चेतावनी दिने गरेको छ । यसपटक हिउँदमा वर्षा नभएकाले तातो हावाको जोखिम बढिरहेको छ । विभागका अनुसार गत २० अप्रिलमा भैरहवाको तापक्रम ४३.६ डिग्री सेल्सियस थियो । यो तापक्रम वर्षभरकै उच्च हो । त्यस दिनपछि तापक्रम केही घटेपनि धनगढी, जनकपुर, वीरगञ्ज, भैरहवा, नेपालगञ्ज, दिपायल, सुर्खेत जस्ता क्षेत्रको तापक्रम ४० डिग्री सेल्सियस हाराहारी छ । यो तापक्रम आफैमा जनजीवनलाई असर पार्ने तहको हो । किनकि नेपालको अहिलेसम्मको उच्च तापक्रम ४६.४ डिग्री सेल्सियस हो, जुन सन् १९९५ को जुन १६ मा मापन गरिएको थियो ।

झण्डै ३० वर्ष अगाडिको त्यो तातो फेरि दोहोरिन सक्ने चेतावनी र अनुमान अध्येताहरूले गरिरहेका छन् । किनकि नेपालको औसत तापक्रम लगातार बढिरहेको छ । सन् २०२३ त इतिहासकै तातो वर्ष बन्न पुगेको थियो । विश्वब्यापी अध्ययन र मापनका आधारमा सन् २०२३ इतिहासकै तातो वर्ष बनेको हो । यो कीर्तिमान आउने वर्षहरूले तोड्ने रहेको अध्येताहरूको चेतावनी छ । किनकि बढ्दो शहरीकरण, ग्रीनहाउस ग्याँस र इन्धनको अत्याधिक प्रयोग, वन विनाश र औद्योगिकरणका कारणले पृथ्वीकै तातो बढिरहेको छ ।

यस्ता मानवीय क्रियाकलापका कारण जलवायु परिवर्तन हुँदा नेपाल जस्तो हिमाली मुलुक समेत प्रभावित बन्न पुगेको छ । समयमा वर्षा नहुने, तातो हावाको संभावना बढ्ने अनि मनसुन भित्रनसाथ अधिक वर्षा हुने जस्ता गतिविधि जलवायु परिवर्तनकै असर हुन् । अध्ययनहरूका अनुसार नेपालमा ८० प्रतिशत वर्षा मनसुनकै बेला हुने गर्छ । तातो हावा अनि अधिक वर्षा जस्तो मौसम बालबालिका, सुत्केरी महिला, बृद्धा तथा दीर्घ रोगीहरूका निम्ति जोखिमयुक्त मानिन्छ । किनकि गर्मीले झाडापखाला, निमोनिया, भाइरल ज्वरो, टाउँको दुख्ने लगायत समस्या निम्त्याउँछ । तातो बढेकैले केही वर्षदेखि लामखुट्टेबाट सर्ने डेंगुको प्रकोप उच्च पहाडी क्षेत्रमा समेत देखिन थालेको छ । अरू मानवीय असर बढ्दैछ । यस्ता समस्याको हल सरकारले अल्पकालीन र दीर्घकालीन रूपमा गर्न आवश्यक छ । अल्पकालीन योजना भनेको कमजोर वर्ग र उमेरका नागरिकलाई बचाउने हो भने दीर्घकालीन योजनामा पर्यावरणीय प्रकृति जोगाउने हो । विशेषगरी वृक्षरोपण बढाउने र प्राकृति साधनस्रोतको अधिक दोहन रोक्ने हो ।

धितोपत्र बजारको विकास र सम्भाव्यता

अग्रलेख

● अच्युतकुमार ओझा

धितोपत्र बजारको सन्दर्भमा नेपालमा ठूलो प्रगति भइसकेको छ । पछिल्लो अवस्थासम्म धितोपत्र बजार सात प्रदेश, ७७ जिल्ला र सात सय ५३ स्थानीय तहका नागरिकको पहुँचमा पुगेको अवस्था छ । प्रविधिको प्रयोग, नियामकका प्रयास र राज्यको नीति तथा कार्ययोजनाले गर्दा ६२ लाखभन्दा बढी लगानीकर्ता डिम्याट खाता खोलेर धितोपत्र बजारमा कारोबार गरिरहेका छन् । यति धेरै सर्वसाधारणको प्रत्यक्ष सहभागिता रहेको वित्तीय क्षेत्रको थप विकास र विस्तारका लागि स्थायित्वसहित सन्तुलित ढङ्गबाट अगाडि बढाउनु सबैको जिम्मेवारी हो । यसका लागि आपूर्तिसँगै माग पक्षलाई पनि बलियो बनाउनु आवश्यक छ ।

धितोपत्र (सेयर, बोन्ड, डिबेन्चर, संस्थापक सेयर, अग्राधिकार सेयर, म्युचुअल फन्ड आदि) का प्राथमिक सार्वजानिक निष्काशन (आइपिओ), हकप्रद र बोनसमार्फत पुँजी जुटाएर उद्योग र परियोजना सञ्चालन गर्नेको संख्या दैनिक वृद्धि भइरहेको छ । यसै आर्थिक वर्ष २०८०/८१ जेठ ६ गतेका दिन सिडिएससी एन्ड क्लिरिङ्ग लिमिटेड (सिडिएससी) का साइटमा राखिएको तथ्याङ्कानुसार दर्ता भएको कुल धितोपत्रका संख्या १३ अर्ब २६ करोड १९ लाख ३० हजार नौ सय ९१ मध्ये अभौतिकीकरण गरिएको संख्या १२ अर्ब ३७ करोड ८३ लाख ४५ हजार तिन सय ७१ पुगेको छ भने अभौतिकीकरण गर्न बाँकीमा ८८ करोड ३५ लाख ८५ हजार ६ सय २० देखिन्छ ।

नेपाल स्टक एक्स्चेन्ज (नेप्से)मा पछिलो तिन आवका प्रतिवेदनमा प्रकाशित विवरणानुसार आव २०७७/७८ मा १९० कम्पनीले एक अर्ब ६५ करोड २५ लाख ४४ हजार ६ सय ९६, आव २०७८/७९ मा २०४ कम्पनीले एक अर्ब ४९ करोड ३८ लाख ६१ हजार तिन सय तिन र आव २०७९/८० मा २१६ कम्पनीले एक अर्ब ९६ करोड ८७ लाख ५३ हजार तीन सय ७८ कित्ता धितोपत्र जारी गरेको देखिन्छ । उक्त अवधिमा मात्रै कुल ६१० कम्पनीले पाँच अर्ब ११ करोड ५१ लख ५९ हजार तीन सय ७८ कित्ता बजारमा निष्काशन गरेका छन् । नेपाल धितोपत्र बोर्ड (सेबोन) का निवर्तमान अध्यक्ष रमेश हमालको २०८० पुस २० गते कार्यकाल सकिएपछि नयाँ पूर्णकालीन अध्यक्ष नियुक्ति हुन नसक्दा त्यसपछि कुनै पनि धितोपत्र स्वीकृत हुन सकेको छैन । हाल सेबोनमा नयाँ ३५ र नेप्सेमा सूचीकृत १३ कम्पनी क्रमशः आइपिओबापत रू २७ अर्ब ६९ करोड ५० लाख ३७ हजार दुई सय ३३ र हकप्रदबापत रू ११ अर्ब ३६ करोड ४५ लाख २८ हजार दुई सय बराबरको धितोपत्र निष्काशनका लागि आवेदन दिई स्वीकृतिका पर्खाइमा रहेका छन् । यसले पुँजी बजारमा आपूर्तिको बहार नै आउने देखिन्छ । यसरी हुने आपूर्ति र मागबीच तालमेल मिलाउन सकेमा देशको अर्थतन्त्र गतिशील र सबल बनाउन मद्दत पुग्ने छ । तसर्थ, धितोपत्र बजारमा माग पक्षलाई सुधार गर्न केही उपाय कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

बाई ब्याक

बेलायतको बहुराष्ट्रिय बैंक स्टान्डर्ड चार्टर्ड पिएलसीले गत फेब्रुअरीको मध्यतिर एक अर्ब डलरको सेयर 'बाई ब्याक' (आफ्नो कम्पनीको सेयर आफैँले खरिद) गर्ने घोषणा गरेसँगै उक्त कम्पनीको सेयर प्रतिकित्ता यो आलेख तयार गर्दासम्म १४ प्रतिशत बढिसकेको छ । वारेन्ट बफेट नेतृत्वमा रहेको बर्कसायर हाथवेले निरन्तर आफ्नो कम्पनीको सेयर 'बाई ब्याक' गर्ने र बजार लिडरका रूपमा स्थापित भइरहने रणनीति लिएका हुन्छन् । तर, नेपालमा 'बाई ब्याक' को सुविधा नहुनाले अन्यत्र अवसर नहुँदा र पर्याप्त तरलता हुँदासमेत बुक भ्यालुभन्दा मुनि रहेको सेयर खरिद गरेर मूल्यलाई स्थिर राख्न सकिने अवस्थाबाट बिमुख हुनुपरेको छ । यदि नेपालमा सेयर 'बाई ब्याक' गर्ने कानुनी र नीतिगत व्यवस्था भइदिएको भए अहिले चलिरहेको बियरिस (घट्दो) बजारमा सम्बन्धित कम्पनीले आफ्नो सेयर उठाउँदा माग सिर्जना हुने अवस्था हुन्थ्यो । सर्वसाधारण नागरिकमा समेत सेयर बजार र कम्पनीप्रति विश्वास बढ्न गई बजारमा माग पक्ष सकारात्मक बन्ने र बजारले लय समात्ने अवस्था आउन सक्ने थियो ।

एनआरएनलाई प्रवेश

यही जेठ १ गते आगामी आव २०८१/८२ का लागि सरकारले नीति तथा कार्यक्रम ल्याउँदा बुँदा नम्बर २० मा 'पुँजी बजार सुधारका लागि विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त सुझावहरू क्रमशः कार्यान्वयन गरिने छ' भनेर राखेको छ । नेपाल राष्ट्र बैंक (नेराबैं) ले नेपाल सरकारलाई दिएको सुझावमा 'एनआरएनलाई पुँजी बजारमा लगानी गर्न तथा लगानी गरेको रकम र मुनाफा सजिलै लैजान सक्ने गरी व्यवस्था मिलाउन पर्ने' सुझाव दिएको अवस्था छ । सेबोनले सञ्चालक सदस्यका नेतृत्वमा तिन महिनाको समय सीमाभित्र अध्ययन गरी नियमावली र कार्यविधिको मस्यौदा बोर्डमा पेस गर्ने गरी समिति बनाएको करिब एक वर्षभन्दा लामो समय भइसकेको पनि ठोस नतिजा पाउन सकेको अवस्था छैन । यसैले धितोपत्र बजारमा गैरआवासीय नेपाली भित्र्याउने प्रक्रियालाई छिटो टुङ्ग्याएर तरलता बढाउने, माग सिर्जना गर्ने, बजारको आकार र फैलावट सुधार गर्ने, जोखिम न्यूनीकरण र मूल्य स्थिरता कायम गर्नेलगायत काम गर्न आवश्यक छ जसले सन्तुलित बजार निर्माणमा टेवा पुग्ने देखिन्छ ।

> *हाल सेबोनमा नयाँ ३५ र नेप्सेमा सूचीकृत १३ कम्पनी क्रमशः आइपिओबापत रू २७ अर्ब ६९ करोड ५० लाख ३७ हजार दुई सय ३३ र हकप्रदबापत रू ११ अर्ब ३६ करोड ४५ लाख २८ हजार दुई सय बराबरको धितोपत्र निष्काशनका लागि आवेदन दिई स्वीकृतिका पर्खाइमा रहेका छन् । यसले पुँजी बजारमा आपूर्तिको बहार नै आउने देखिन्छ ।*

बिक्री अवधिको सीमा खुला

नेराबैंले २०७८ जेठ ११ गते एक परिपत्र जारी गर्दै ''क' 'ख' र 'ग' स्तरका बैंक तथा वित्तीय संस्थाले उक्त दिनपछि धितोपत्र खरिद गरेमा कम्तीमा एक वर्ष आफैँले राख्नुपर्ने र उक्त अवधिपछि पनि प्राथमिक पुँजीको एक प्रतिशत मात्रै बिक्री गर्न पाउने' व्यवस्था गरेको थियो । यसले ती संस्थालाई लगानी गर्न निरूत्साहन गरेको छ । बैंक तथा वित्तीय संस्थाहरूले पनि व्यापार गर्न पाउने हो भने हाल तरलता उच्च तथा कर्जा परिचालन हुन नसकिरहेका अवस्थामा दैनिक कारोबार बढ्ने, लगानी भित्रने र माग सिर्जना भई बजार विकासमा सहयोग पुग्ने भएकाले धितोपत्र खरिदपछि बिक्री 'जुनसुकै समयमा गर्न सक्ने' गरी परिमार्जन गर्नु आवश्यक छ । यसैलाई आंशिक सम्बोधन गर्न नेराबैंले २०८१ जेठ ४ गते मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामार्फत ४० नम्बर बुँदामा प्राथमिक पुँजीको २० प्रतिशतसम्म एक वर्षपछि बिक्री गर्न सक्ने गरी बाटो खोलिदिएको छ । यसलाई सुखद सुरूवात नै मान्नुपर्छ ।

सेयर कर्जा र जोखिम

नेराबैंको कठोर मौद्रिक नीति हाल तरलता प्रशस्त रहेको, ब्याज घटेर एकल अङ्कमा आएको र पुँजी बजार न्यून विन्दुमा रहेका समयमा व्यक्तिगत रू १५ करोड र संस्थागततर्फ रू २० करोड कर्जाको सीमा जायज हुन सक्दैन जसलाई खुला गरिनुपर्छ । यस्तै धितोपत्रको मूल्य बुक भ्यालुभन्दा तलतिर आइसकेका अवस्थामा कर्जाको जोखिमभार रू ५० लाखसम्म १०० अङ्क र त्यसभन्दा माथि १२५ अङ्क तोकिएको छ । यसलाई संशोधन गरेर सबैमा १०० अङ्क राखिनुपर्छ । यसले कर्जा लिने क्षमता बढ्दा बजारमा लगानी रकम थपिने तथा बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरणमा समेत सकारात्मक प्रभाव पर्ने भएकाले तत्काल यसमा परिमार्जन गरिनुपर्छ ।

सचेतनामा वृद्धि

सिडिएससीले आफ्नो साइटमा राखेको हालको डिम्याट तथ्याङ्कलाई हेर्दा कुल जनसंख्यामा करिब २० प्रतिशत नागरिक धितोपत्र बजारमा सहभागी रहेको देखिन्छ । बाँकी जनमानसलाई धितोपत्र बजारमा जोड्न आवश्यक जनचेतनामूलक कार्यक्रम नियमक र राज्य संयन्त्रको नेतृत्वमा अन्य सरोकार निकायसँगको समन्वयमा प्रभावकारी ढङ्गबाट हुनु आवश्यक छ । यसका लागि डिजिटल प्रविधिको प्रयोग गरी सर्वसाधारणलाई बुझाउनु र सुनाउनुपर्ने देखिन्छ । उदाहरणका लागि, कम्पनीले हकप्रद निष्काशन गर्दा सम्बन्धित सेयर धनीलाई एसएमएस अनिवार्य गर्नुपर्छ । साथै, बजारमा नजोडिएका नयाँ व्यक्तिलाई बजारमा भित्र्याउन यसका फाइदा, सहभागी हुन पूरा गर्नुपर्ने प्रक्रिया, जोखिम र कारोबार गर्दा ध्यान दिनुपर्ने विषयलगायत अन्य पक्षका बारेमा सचेत गराउँदै बजारप्रति आकर्षित र उत्प्रेरित गर्न सक्ने हो भने माग पक्ष थप सशक्त हुन सक्ने देखिन्छ । उनीहरूलाई प्राथमिक बजारमा मात्र नभई दोस्रो बजारमा समेत सक्रिय सहभागिताका लागि प्रोत्साहन गर्न सक्ने हो भने दिगो बजार बिकासका लागि टेवा पुग्ने देखिन्छ ।

नीतिगत स्पष्टता

धितोपत्र बजार विकासका लागि राज्य मातहत रहेका नियमक निकायबिच समन्वय र नीति निर्माणमा स्पष्टता हुनु आवश्यक छ । केही समय अगाडि नेराबैंले गाभ्ने/गाभिने तथा प्राप्तिमा जाने बैंक तथा वित्तीय संस्थाहरूलाई कर छुट दिने भनेर घोषणा गरेको थियो तर पछि राज्यले कर तिर्न लगायो । यस्तै, पुँजीगत लाभकर नै अन्तिम कर हुने हो होइन अन्यौलता यथावत रहेका कारण उक्त विवाद पूर्ण रूपमा समधान हुन सकेको छैन । मार्जिन कर्जा कहिले प्राथमिक पुँजीको ४० प्रतिशत, कहिले २५ प्रतिशत, कहिले १८० दिनको अन्तिम बजार मूल्यको औसत मूल्यको ५० प्रतिशत त कहिले ७० प्रतिशतसम्म दिन सकिने गरेर गरिने फेरबदलले बजारलाई प्रभाव पार्ने हुँदा बजारलाई माग र आपूर्तिले भन्दा नीतिगत अस्थिरताले धेरै असर गरेका कारण नागरिकमा असन्तुष्टि बढाउने र लगानी गर्न डराउने अवस्था देखिने गरेको छ । यसरी नेतृत्वसँगै बदलिरहने र आफ्नो अनकूल अर्थ लगाउने किसिमका नीति नभई स्पष्ट र स्थिर प्रकृतिको बनाउन सक्ने हो भने लगानीकर्तामा थप सकारात्मक प्रभाव परी बजारप्रतिको भावना उच्च बन्न गएर माग पक्ष थप बलियो हुने देखिन्छ ।

करिब २३ महिनादेखि बियरिस चरणमा घुमिरहेको बजारमा कमजोर मनोविज्ञान लिएर टिकिरहेका लगानीकर्तामा आत्मविश्वास जगाउँदै नव प्रवेशी लगानीकर्ताहरुमा आकर्षण गरेर धितोपत्र आपूर्तिलाई थेग्न जरूरी छ । यसका लागि सेबोनले तत्काल पूर्णकालीन नेतृत्व पाउनुपर्छ । नेराबैंले लिएको नीतिलाई खुकुलो बनाउने, थप विशिष्टीकृत लगानी कोष र धितोपत्र दलाल व्यवसायीको संख्या बढाउन पहल गर्ने, सेबोन, नेप्से र सिडिएससीले दिएका सुझाब बजेटमा समेट्ने, कारोबारमा लाग्ने लागत घटाउने, नीति निर्माताले माग सिर्जना गर्न कस्ता नीतिगत व्यवस्था र विकल्प हुन सक्छन् । पहिचान गरेर आवश्यकतानुसार कानुनी परिमार्जन, कार्ययोजना, सुधारका लागि हुन सक्ने वैकल्पिक आधारहरू पहिल्याएर त्यसैअनुरूपका रणनीति र कार्यक्रम बनाई अगाडि जान सक्ने हो भने धितोपत्र बजारमा देखिएका आपूर्ति आतंकलाई अवसरका रूपमा बदल्न र सुधार गर्न सकिन्छ ।

सामाजिक सञ्जाल

- मुमाराम खनाल

हाम्रो प्रशासनले नागरिकलाई सकेसम्म धेरै दुःख कसरी दिन सकिन्छ भनेर अनुसन्धान गरिरहेका हुन्छन् जस्तो लाग्छ । बृद्ध भत्ता पाउन राष्ट्रिय परिचय पत्र अनिवार्य रे ! असीको उमेरमाथिका अशक्त बृद्धबृद्धालाई कसरी फोटो खिचाउन जिल्ला प्रशासनमा पुऱ्याउने ? या त घरघरै पुगेर फोटो खिच्दे सरकार !

- सूर्यराज आचार्य

न्युरोडमा दोहोरो गाडी पास हुन चाहिने सडकको चौडाई बाहेकको भाग प्रयोग गरेर फुटपाथ चौडा बनाउने महानगरको योजना सही छ । वास्तवमा काठमाडौं उपत्यकाका धेरै जसो सहरी सडक भौतिक पूर्वाधार र शहरी विकास मन्त्रालयले क्रमिकरूपमा महानगर तथा अन्य पालिकालाई हस्तान्तरण गर्दा उपयुक्त हुन्छ ।

- तारानाथ दाहाल

संसदका समितिहरू भटाभट निर्णय र आदेशबाट संविधान संशोधन गर्न र मन्त्रीहरू आदेशबाट ऐन बदल्न लागेको देखिन्छ । हिजो लेखा समितिले संवैधानिक निकाय महालेखालाई ठाडो आदेश दियो । अनि राज्य व्यवस्थाले संवैधानिक परिषद्मा विपक्ष नै नभए हुने कानुन बनाइदियो । संविधानको अकाल मृत्यु त हुँदैछैन ?

- द्वारीकानाथ ढुंगेल

कति जग हसाउने काम गर्दै रहने ? आफ्नो देशमा कसलाई प्रवेश गर्न दिने, कसलाई नदिने भन्ने निर्णय गर्ने अधिकार संसारका सबै देशले प्रयोग गर्ने गर्दछन् । यस वास्तविकता जान्दा जान्दै किन सन्दिप लामिछानेलाई अमेरिकाले प्रवेशआज्ञा नदिएको विषयलाई लिएर गाइजात्रा गरिरहने ?

तपाईको राशिफल

मेष : धेरै लाभको कामना गर्नु हुँदैन । सकारात्मक सोच राख्नुपर्छ ।

वृष : घरेलु जिम्मेवारीमा वृद्धि हुनेछ । यात्रा सफल हुनेछ ।

मिथुन : दैनिक जीवन सुखी रहनेछ । विरोधी सक्रिय रहनेछन् ।

कर्कट : आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुनेछ । यश बढ्नेछ ।

सिंह : व्यापारिक पक्ष सुदृढ हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ ।

कन्या : अचल सम्पत्तिमा वृद्धिको योग छ । राजकीय कार्यहरूमा वृद्धि हुनेछ ।

तुला : शैक्षिक कार्यमा प्रगति र श्रीमतीको राम्रो सहयोग पाइनेछ ।

वृश्चिक : अनावश्यक खर्चको योग छ । सन्तुलित भोजन गर्नु राम्रो हुनेछ ।

धनु : काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ । पारिवारिक खुशी प्राप्त हुनेछ ।

मकर : आय वृद्धि हुनेछ । राजनैतिक कार्यमा रोकावटको योग छ ।

कुम्भ : पारिवारिक जीवन सुखमय रहनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ ।

मीन : व्यर्थको यात्रा र परेशानीको योग छ । साहसिक कार्य सफल हुनेछ ।

आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)
इन्टरनेशनल एस्टोलोजिकल फोरम ।
सानेपा, काठमाडौं, नेपाल,
फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com

मधेशमा स्वास्थ्य सकस

विचार

● उज्वल झा

> *संघीय सरकारले प्रदेशहरूलाई पर्याप्त बजेट विनियोजन गरे पनि, त्यो बजेटको सही सदुपयोग नहुनु नै समस्या हो । परियोजनाहरू आधा-अधुरा रहन्छन्, नयाँ स्वास्थ्य केन्द्रहरू निर्माणमा ढिलाइ हुन्छ, र जनताको स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने सेवाहरूमा ध्यान दिइँदैन ।*

मधेश प्रदेशको स्वास्थ्य स्थिति सुधार नहुनु दुर्भाग्यपूर्ण मात्र होइन, गम्भीर चिन्ताको विषय हो । प्रदेशका अस्पतालहरूमा आधारभूत स्वास्थ्य सेवा पनि उपलब्ध छैनन्, जुन अवस्थामा आम नागरिकहरू दिनहुँ ज्यान जोखिममा राख्दैछन् । हामीले नेपाल संघीय प्रणालीमा प्रवेश गर्दा सोचेका थियौं कि प्रदेश सरकारहरूले जनताको स्वास्थ्यमा विशेष ध्यान दिनेछन् । तर, मधेश प्रदेशको यथार्थ तस्बिर एकदमै निराशाजनक छ । अस्पतालमा आधारभूत औषधिहरूको अभाव, पर्याप्त चिकित्सकहरूको कमी, र पुरानो उपकरणहरूले स्वास्थ्य सेवा क्षेत्रलाई अत्यन्तै कमजोर बनाएको छ ।

संघ र प्रदेश सरकारहरूले यो विषयलाई प्राथमिकता दिन किन चुकिरहेका छन् ? संघीय सरकार र मधेश प्रदेश सरकारबीचको तालमेलको अभाव, अनियमितता र भ्रष्टाचारले गर्दा मधेश प्रदेशका जनता स्वास्थ्य सेवाबाट वञ्चित भएका छन् । सरकारको यस उदासीनताले स्वास्थ्य समस्या जटिल हुँदै गएको छ ।

संघीय सरकारले प्रदेशहरूलाई पर्याप्त बजेट बिनियोजन गरे पनि, त्यो बजेटको सही सदुपयोग नहुनु नै समस्या हो । परियोजनाहरू आधा-अधुरा रहन्छन्, नयाँ स्वास्थ्य केन्द्रहरू निर्माणमा ढिलाइ हुन्छ, र जनताको स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने सेवाहरूमा ध्यान दिइँदैन ।



उदाहरणका लागि, सर्लाही जिल्लाको मुख्य अस्पतालमा देखिएको अवस्थालाई लिन सक्छौं । त्यहाँको आपतकालीन सेवामा आवश्यक औषधि र उपकरणहरूको अभाव छ । चिकित्सकहरूको कमीले गर्दा बिरामीहरूले लामो समय पर्खनु पर्छ । यो अवस्थाले जनतामा निराशा पैदा गरिरहेको छ ।

महोत्तरीको जलेश्वर प्रादेशिक अस्पतालको हालत झन् नाजुक छ । यहाँ सानो तिनो स्वास्थ्य समस्याहरूको समाधान पनि सम्भव छैन । बिरामीहरूलाई जनकपुर प्रादेशिक अस्पतालमा रिफर गरिन्छ । तर, जनकपुर प्रादेशिक अस्पतालमा पनि स्थिति त्यत्तिकै बिग्रिएको छ । एउटा सामान्य पानी खानको राम्रो व्यवस्था समेत छैन भने, उपचार कसरी राम्रो हुनेछ ? जनकपुर प्रादेशिक अस्पतालमा आउने बिरामीहरूलाई धेरै समयसम्म पानी समेत नपाउँदा उपचार प्रभावकारी हुने सम्भावना अत्यन्तै न्यून छ ।

हाम्रो संघीय र प्रदेश सरकारहरूले जनताको जीवनसँग खेलवाड गरिरहेका छन् । स्वास्थ्य जस्तो आधारभूत सेवा उपलब्ध गराउन नसक्नु सरकारको ठूलो असफलता हो । स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन हामी सबै मिलेर आवाज उठाउनुपर्छ । सरकारको जवाफदेहिता सुनिश्चित गराउन जनताले दबाब दिनु आवश्यक छ ।

मधेश प्रदेशको स्वास्थ्य समस्यालाई तत्काल सम्बोधन नगरे ठूलो जनस्वास्थ्य संकट निम्तिन सक्छ । त्यसैले, संघीय र प्रदेश सरकारले सहकार्य गरेर यस क्षेत्रको स्वास्थ्य सेवामा सुधार ल्याउन ठोस कदम चाल्नुपर्छ ।

यस समस्याको समाधानको लागि, स्थानीय तहदेखि केन्द्रसम्मका सबै सरकारी निकायहरूले समन्वय गर्नुपर्छ । नयाँ स्वास्थ्य केन्द्रहरूको स्थापना, आवश्यक उपकरणहरूको खरीद, र चिकित्सकहरूको उपलब्धता सुनिश्चित गर्न ठोस योजना आवश्यक छ ।

अन्तमा, मधेश प्रदेशका जनताको स्वास्थ्यको रक्षा गर्नु सरकारको नैतिक दायित्व हो । स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन सबै पक्षले साझा पहल गर्न आवश्यक छ, ताकि हाम्रो प्रदेश स्वस्थ र समृद्ध रहोस् ।

भारतमा लोकसभाको सातौं चरणको निर्वाचनमा ५८.३४ प्रतिशत मतदान

काठमाडौं/एजेन्सी- लोकसभा चुनावको सातौं र अन्तिम चरणको मतदान जुन १ मा सात राज्य र केन्द्र शासित प्रदेश चण्डीगढ़मा बेलुका छ बजे सम्म ५८.३४ प्रतिशत मतदान भएको निर्वाचन आयोगले शनिबार जनाएको छ।

पश्चिम बंगालमा सबैभन्दा बढी ६९.८९ प्रतिशत, बिहारमा ४८.८६ प्रतिशत, चण्डीगढ़मा ६२.८० प्रतिशत, ओडिशामा ६२.४६ प्रतिशत, पञ्जाबमा ५५.२० प्रतिशत, उत्तर प्रदेशमा ५४ प्रतिशत र हिमाचल प्रदेशमा ६६.५६ प्रतिशत मतदाताले मतदान गरेको आयोगले जनाएको छ।

सात राज्य र केन्द्र शासित प्रदेश चण्डीगढका ५७ संसदीय निर्वाचन क्षेत्रका लागि शनिबार बिहान ७ बजे अन्तिम चरणको मतदान शुरु भएको थियो।

आयोगका अनुसार करिब पाँच करोड २४ लाख पुरुष, चार करोड ८२ करोड महिला र तीन हजार ५७४ जना तेस्रो लिङ्गी मतदाता सहित १० करोड छ लाखभन्दा बढी मतदाताहरू लोकसभा चुनावको सातौं चरणमा आफ्नो मताधिकार प्रयोग गर्न योग्य रहेका थिए।

पञ्जाबका १३ तथा हिमाचल प्रदेशका छ वटा सीटमा सबै संसदीय क्षेत्रहरूमा शनिबार अन्तिम चरणमा मतदान भएको छ, साथै, ओडिशा राज्य विधान सभाको बाँकी ४२ विधानसभा निर्वाचन क्षेत्रहरूको लागि पनि मतदान भएको छ।

सात चरणको लोकसभा चुनावको लामो प्रचारको क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले ७५ दिनमा २०० भन्दा बढी प्रचार कार्यक्रमहरूमा सहभागिता जनाएका थिए। यसमा प्रदर्शन र चुनावी सभाहरू पनि समावेश गरिएको छ।

त्यसैगरी, कांग्रेस नेता राहुल गान्धीले लोकसभा चुनावमा न्याय सम्मेलन र न्याय मञ्चजस्ता १०० भन्दा बढी चुनावी सभा र सार्वजनिक अन्तरक्रियामा सहभागिता जनाए।

लोकसभा चुनावको अघिल्लो छ चरणहरूको लागि मतदान अप्रिल १९, अप्रिल २६, मे ७, मे १३, मे २० र मे २५ मा भएको थियो। आन्ध्र प्रदेश, सिक्किम र अरुणाचल प्रदेशमा पनि विधानसभा चुनावहरू भएका छन्। ओडिशामा पनि पछिल्लो चार चरणमा लोकसभा र विधानसभाको चुनाव एकैसाथ भएको छ।

‘हमासको अन्त्य नभएसम्म गाजा युद्ध अन्त्य हुँदैन’

काठमाडौं/एजेन्सी- इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले शनिबार गाजा युद्ध अन्त्य गर्न अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रस्तुतिपछि द्वन्द्वको एक हिस्साको रूपमा हमासको विनास नभएसम्म युद्धको अन्त्ये नहुने दाबी गरेका छन्।

युद्धको अन्त्यका लागि इजरायलको अवस्था परिवर्तन नभएको जनाउँदै इजरायली नेताले हमासको बिनासले सबै बन्धकलाई मुक्त गर्ने र इजरायललाई खतरा नभएको सुनिश्चित गर्ने विज्ञप्तिमार्फत जनाएका छन्।

प्रस्ताव अन्तर्गत, इजरायलले स्थायी युद्धबिराम लागु गर्नु अघि यी सर्तहरू पूरा गर्नुपर्नेमा जोड दिएको छ। यी सर्त पूरा हुनुअघि इजरायल स्थायी युद्धबिराममा सहमत नहुने धारणा नेतान्याहुले उल्लेख गरे।

शनिबार, बाइडेनले इजरायललाई गाजामा पूर्ण युद्धबिरामका लागि नयाँ रोडम्याप प्रस्ताव गरिरहेको बताए। उनले युद्धबिराम तीन चरणको प्रस्तावमा छ हप्तादेखि गाजाको सबै क्षेत्रबाट इजरायली सेना फिर्ता हुने बताए।

युद्धको अन्त्यसँगै सयौं प्यालेस्टिनी कैदीको रिहाइको बदलामा महिला, वृद्ध-वृद्धा घाइतेलगायत धेरै बन्धकको रिहाइ हुने बाइडेनले उल्लेख गरेका छन्। इजरायल र प्यालेस्टिनीले स्थायी युद्धबिरामका लागि छ हप्तामा वार्ता गर्ने र वार्ताको क्रममा युद्धबिराम जारी रहने बाइडेनले जनाए। हमासले बाइडेनले बनाएको योजनालाई सकारात्मकरूपमा लिएको जनाइएको छ।

अफगानिस्तानमा डुंगा दुर्घटना हुँदा २० जनाको मृत्यु

काठमाडौं/एजेन्सी- अफगानिस्तानको पूर्वी नङ्गरहार प्रान्तमा शनिबार नदी पार गर्ने क्रममा डुंगा डुब्दा २० जनाको मृत्यु भएको प्रान्तीय अधिकारीले बताएका छन्। पूर्वीनङ्गरहारको मोमण्ड दारा जिल्लाको बसावुल क्षेत्रमा शनिबार बिहान सात बजे महिला तथा बालबालिका बोकेको डुंगा नदीमा डुबेको प्रान्तको सूचना विभागका प्रमुख कुराइसी बद्लुनले सामाजिक सञ्जाल एक्सको एक पोस्टमा सार्वजनिक गरेका छन्।

अधिकारीका अनुसार दुर्घटना परेका पाँच जना बाँचेका छन् भने दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ। नङ्गरहार सूचना तथा संस्कृति विभागले मिडियालाई दिएको सन्देशमा अधिकारीले उक्त क्षेत्रमा मेडिकल टोली र एम्बुलेन्स पठाएको बताएका छन्।

कम्तिमा पाँचवटा शव निकालिएको तथा अरूलाई खोज्ने प्रयास भइरहेको प्रान्तीय सरकारी अधिकारीले बताए। नजिकैको पुल नभएको कारण यस क्षेत्रका बासिन्दाले प्रायः खराब अवस्थामा डुंगा प्रयोग गरेर नियमितरूपमा नदी पार गर्ने गरेको स्थानीय मिडियाले जनाएको छ।

यमनमा घातक आक्रमणपछि हुथी समूहद्वारा अमेरिकी जहाजमा आक्रमण

काठमाडौं/एजेन्सी- यमनमा अमेरिका र बेलायतले हालै गरेको घातक आक्रमणको जवाफमा हुथी समूहले लाल सागरमा संयुक्त राज्य अमेरिकाको जहाजमा मिसाइल आक्रमण गरेका छन्।

यमनको होदेइदाह प्रान्तमा अमेरिका र बेलायतको संयुक्त आक्रमणमा कम्तिमा सोह्र जनाको मृत्यु भएको समूहको दाबीपछि हुथी सैन्य प्रवक्ता याह्या सारीले शुक्रबार आइसेनहावर जहाजमा आक्रमणको घोषणा गरेका थिए।

हुथी नियन्त्रित च्यानल अल मासिराह टेलिभिजनले बिहीबारको आक्रमणको नतिजा खुलासा गर्दै होदेइदाहमा घाइते नागरिकको उपचार भइरहेको फुटेज प्रसारण गरेको थियो। उक्त आक्रमणमा कम्तीमा बयालिस जना घाइते भएको बताइएको छ।

‘अमेरिकी-बेलायती आक्रामणले हामीलाई प्यालेस्टाइनको समर्थनमा हाम्रो सैन्य कारबाही जारी राख्नबाट रोक्न सक्दैन, विद्रोहीले बढ्दो तनावको सामना गर्नुपर्नेछ,’ हुथी अधिकारी मोहम्मद अल-बुखाइतीले सामाजिक सञ्जाल एक्समा भने।

बेलायती प्रधानमन्त्री ऋषि सुनाकले आक्रमणलाई हुथी विरुद्धको आत्मरक्षाको एकरूप रहेको बताए। इरान समर्थित हुथी समूहले पश्चिमी समर्थित र साउदी नेतृत्वको गठबन्धनविरुद्ध लगभग एक दशकको द्वन्द्वपछि यमनको महत्त्वपूर्ण भागलाई नियन्त्रण गरेको हो। गाजामा इजरायलको चलिरहेको द्वन्द्वबीचमा उनीहरूले प्यालेस्टिनीलाई समर्थन गरेका छन्।

उनीहरुले नोभेम्बरदेखि लाल सागर, बाब अल-मन्डेब जलडमरूमध्य र एडनको खाडीमा जहाजमा बारम्बार ड्रोन र मिसाइल आक्रमण शुरु गरेका छन्। इरानले अमेरिका-बेलायतको आक्रमणलाई यमनको सार्वभौमिकता र क्षेत्रीय अखण्डता, अन्तर्राष्ट्रिय कानुन र मानवअधिकारको उल्लंघन भएको निन्दा गरेको छ।

अमेरिकी समुद्री प्रशासनका अनुसार हुथीले ढुवानी जहाजमा पचासभन्दा बढी आक्रमण गरेका छन्, जसको परिणामस्वरूप हताहत, जहाज कब्जा र विश्वव्यापी व्यापार मार्गमा अवरोध आएको छ। हुथीले ढुवानी कम्पनीलाई वैकल्पिक मार्ग खोज्न बाध्य पारेका छन्। जसका कारण लाल सागर पार गर्ने विश्वव्यापी व्यापारको लगभग बाह्र प्रतिशतलाई असर गरेको छ।

हुथीको क्षमतालाई घटाउने उद्देश्यले अमेरिका र बेलायतले संयुक्त हमला गरे पनि विद्रोहीले आफ्नो आक्रमण जारी राखेका छन्। आफ्नो पछिल्लो कारबाहीमा उनीहरूले गाजामा इजरायली आक्रमणको प्रतिक्रियामा ग्रिसको स्वामित्वमा रहेको ढुवानी जहाज र अन्य जहाजलाई आक्रमण गरेको अल जजिराले जनाएको छ।

युएईमा रोजगार

कम्पनी : **UNITED PRECAST CONCRETE DUBAI LLC**
शहरः **UAE DUBAI**

पूर्व स्वीकृत मितिः २०८०/१०/११ | चलानी नं.: ६०२१३७९१ | LT. No.:298804 | पून विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने. रु.							
1.	Carpenter	15	0	सम्बन्धित काममा दक्ष	1200	४३,४५२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Fabricator	20	0		1200	४३,४५२							
3.	General Labour	60	0		800	२८,९६८							
4.	Mason	20	0		1200	४३,४५२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ २७ गते (9 June 2024) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले तिर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रु. २३०८/- कामदारले तिर्ने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.
श्रम इजाजत नं.: १२५/०५५/०५६
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np

---

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/०२/२०

रत्नपुरी इन्टरप्राईजेज प्रा.लि.को मिति २०८१/०१/२६ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आरएक्सपिन स्पेक्ट्रम पाथवेज प्रा.लि. (प्रा.लि. नं.: २७५८७२)** कायम गर्ने गरी मिति २०८१/०१/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेश्रो पटक प्रकाशित मिति २०८१।०२।२०

यस कम्पनीको मिति २०८१/०१/३० मा बसेको विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी **माउन्ट ओपेरा एजुकेसन कन्सल्ट प्रा.लि** (Mount Opera Education Private Limited) (दर्ता नं. २८१३९७) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०२/०४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **इन रिच कन्सल्टीङ ग्रुप प्राईभेट लिमिटेड** (In Reach Consulting Group Private Limited) कायम गरिएको जानकारी गराईन्छ।

UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AYADI HUMAN CAPITAL SOLUTIONS (AYADI) L.L.C.** | शहर : UAE

पूर्व स्वीकृत मितिः२०८१/०२/१७ | चलानी नं:६०२२०३३२ | L.T. No.: 305536

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने. रु.							
1.	Mason Assistant	30	0	सम्बन्धित काममा दक्ष	1000	३६,२१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Steel Fixer Assistant	30	0		1000	३६,२१०							
3.	Shuttering Carpenter Assistant	20	0		1000	३६,२१०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ जेठ २७ गते (9 June 2024) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रु. २३०८/- कामदारले तिर्ने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- रोजगारदाताले तिर्ने	रु. १,५००/- रोजगारदाताले तिर्ने	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Hope International (P) Ltd.
License No: 857/066/67
Chakrapath, Maharajgunj, Kathmandu (Opposite Bhatbhatini Super Market)
Tel: (Hotline): 01-4002151, 01-4002139, 9818943149
Email: info@hopeinternational.com.np, Website: www.hopeinternational.com.np
For Location

Joshipur Rural Municipality
Office of the Rural Municipal Executive

Joshipur, Kailali
Sudurpaschim Province, Nepal

Invitation for Bids

[Date of first publication: 2081/02/20 (2nd June, 2024)]

1. Joshipur Rural Municipality, Office Of the Rural Municipal Executive, Joshipur Kailali invites electronic bids from eligible bidders for the procurements of goods as per table below. Only eligible bidders should participate in this bidding.

S. N.	Contract Identification Number	Description of work	Last Date of bid Submission	Bid Opening Date	Bid security (NRs)	Bid Validity Period	Bid document Fee (NRs)	Remarks
1	3/JRM/NCB/ GOODS /2080/081	Supply and Delivery of Insecticidal Mosquito Net-II	before 12:00 noon on 2ndJuly 2024 (2081/03/18)	13:00 PM of 2ndJuly 2024 (2081/03/18)	1,32,000.00	90 days	3000.00	
2	3/JRM/SQ/ GOODS /2080/081	Supply and Delivery of Sanitary Pad	before 12:00 noon on 17th June, 2024 (2081/03/03)	13:00 PM of 17th June, 2024 (2081/03/03)	40,000.00	45 days	1000.00	

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Rural Municipal Executive, Joshipur Rural Municipality, Joshipur Kailali or may visit PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिर्सिया, पर्साको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०२/२० गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सिर्सिया, पर्साबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
लक्ष्मीना देवी ना.प्र.नं. ३४-०१-७२-०३४०२, जारी मिति - २०७२/०४/१५ जि.प्र.का. पर्सा बाबु - राम चन्द्र राउत कुर्मी बाजे - जगरनाथ राउत स्थायी ठेगाना- पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २७ हालको ठेगाना- पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं २४, रामगढवा	१. **जंग बहादुर प्रसाद**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स./म.न.पा. वडा नं. ४ स्थित कित्ता नं. ६०२ र ६०० को क्षे.फ. क्रमश १५८.७२ र १६.९३ (ब.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात। २. ऋणी **लक्ष्मीना देवी** तथा निज प्रोपाईटर रहेको **माँ चन्द्रावती हार्डवेयर सप्लायर्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरु संग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनी बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **जंग बहादुर प्रसाद**
ना.प्र.नं.- ७६९५१६२९,
जारी मिति २०५४/११/११, जि.प्र.का.पर्सा
बाबु - जंगली राउत कुर्मी
बाजे - सरोज राउत
स्थायी ठेगाना- पर्सा जिल्ला, वीरगंज म.न.पा, वडा नं. २४ (साबिक रामगढवा गा.वि.स. वडा नं. ०६)
हालको ठेगाना- ऐ.ऐ

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय सिर्सिया, पर्सा फोन नं.०५१-५९०४१७/४३२

बक्स अफिस समाचार

'मिस नेपाल २०२४'को उपाधि होडमा २६ सुन्दरी

SASH CEREMONY

काठमाडौं/मस– मिस नेपाल २०२४ को उपाधिका लागि २६ जनाले प्रतिस्पर्धा गर्ने भएका छन् । प्रतियोगिताको ग्राण्ड फिनालेमा प्रतिस्पर्धा गर्ने २६ जना प्रतिस्पर्धीहरुलाई शुक्रबार साँझ ललितपुरमा आयोजित एक समारोहमा स्यास तथा कन्टेस्टेन्ट नम्बर वितरण गरिएको छ ।

प्रतियोगिताका लागि देशभरबाट डेढ सय जनाले अडिसन दिएका थिए । मिस नेपालको आयोजक संस्था द हिडन ट्रेजरका अध्यक्ष अजय स्थापित, पूर्व अध्यक्ष दिवाकर राजकर्णिकार, पूर्व अध्यक्षहरु सुवर्ण क्षेत्री, सुरेश बहादुर मल्लगायतले प्रतिस्पर्धि सुन्दरीहरुलाई स्यास वितरण गरेका हुन् । त्यस क्रममा हरेक सहभागिहरुले आफ्नो छोटो परिचय दिएका थिए ।

यसपटक दैलेख, कैलाली, म्याग्दी लगायतका स्थानबाट समेत प्रतियोगीहरु छनोट भएका छन् । काठमाडौं, ललितपुर, पोखरा लगायतका थलोसहित उपत्यकाबाहिरका सुन्दरीले पनि भाग लिएका छन् ।

फाइनलिस्ट प्रतियोगी घोषणासँगै अब सहविधाका प्रतिस्पर्धा आयोजना हुनेछन् । ११ विधामा यसपटक सहविधा सञ्चालन हुनेछन् । मिस नेपाल वर्ल्ड, मिस नेपाल इन्टरनेशनल र मिस नेपाल अर्थको विधाका लागि प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा कानून संकायमा अध्ययनरत सुन्दरीहरुको संख्या पनि बढी छ भने समाजशास्त्र, मानविकी, सूचना प्रविधि, नर्सिङ तथा दन्त चिकित्सा सेवामा सक्रिय भएका सुन्दरीहरु पनि प्रतिस्पर्धामा उत्रिएका छन् ।

छनोट भएका प्रतियोगीहरुमा आँचल खत्री, अम्बिका राणा, अनिशा मल्ल, अञ्जना पुन, आश्मा कुमारी केसी, दीक्षा अवस्थी, दृष्टि थापा, इभा गिरी, इरिना श्रेष्ठ, करुणा रावत, किम्ती श्रेष्ठ, ललिता सेरबुजा मगर, निभिता चापागाईं, प्रसुना भुसाल, प्रिरविता सिंह स्वाँर, पूजा बराल, राधिका थापा, रोशनी दाहाल, शामिन कोइराला, सायरा खड्का, समीक्षा निरौला, श्रद्धासुमन सिलवाल, सिम्रिका मानन्धर, सुभेक्षा कार्की, सुमना केसी र उर्जा नेवा रहेका छन् ।

'ह्रस्व दीर्घ'को रिलिज मिति परिवर्तन


ह्रस्व दीर्घ
HRASHWO DEERGHA
DIRECTOR CHANDRA PANT
DOP KABIR LAL EP DHANANJAY GALANI
STORY HARIHAR ADHIKARI PRODUCER NEETA DHUNGANA

काठमाडौं/मस– आगामी असोज ११ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको फिल्म 'ह्रस्व दीर्घ'को पनि रिलिज फेरबदल भएको छ । अब यो फिल्म एक हप्ता अगाडि सर्दै असोज ३ गते अर्थात् संविधान दिवसको दिनबाट प्रदर्शनमा आउने भएको छ ।

वितरकसँग सल्लाह गरेर निर्माणपक्षले यो निर्णय लिएको हो । चन्द्र पन्तको निर्देशनमा तयार भएको यो फिल्मको छायांकन सकिएको छ । फिल्मको हाल धमाधम डबिङको काम चलिरहेको छ । फिल्ममा हरिहर अधिकारी, नीता ढुंगाना, विपना थापा, गरिमा शर्मा लगायतका कलाकारको अभिनय छ । फिल्ममा भारतका कलाकार ब्रह्मानन्दम, अलि, प्रदीप रावत र कबीर दुहान सिंहको पनि अभिनय रहेको छ ।

हरिहर अधिकारीको कथा लेखन रहेको फिल्मलाई भारतीय छायाँकार कवीरलालले खिचेका हुन् । उनले 'वेलकम ब्याक', 'परदेश', 'दिल आपके पास है' जस्ता दर्जनौं बलिउड फिल्म खिचेका छन् । फिल्मको नेपाल र भारतमा गरी तीन चरणमा छायांकन गरिएको थियो ।

अब असोज ३ गते ३ वटा फिल्मको भिडन्त हुने भएको छ । यो मितिमा फिल्म 'खुस्मा र आउट ल : दफा २१९'ले प्रदर्शन मिति तोकिसकेका छन् । अब, नीताले पनि आफ्नो फिल्म बिदाको दिन पारेर रिलिज गर्न लागेपछि तीन वटा फिल्मबीच प्रतिस्पर्धा निश्चित भएको हो ।

Belaka Municipality
Belaka Nagar Aspatal
Rampur, Udayapur

Invitation for Sealed Quotation

First Date of Publication: June 02, 2024 (2081.02.20 B.S.)

1. Belaka Nagar Aspatal, Rampur, Udayapur invites electronic Sealed Quotation from eligible suppliers for the following goods.

S. N.	Contract Identification Number	Description of Work/ Goods	Bid Security Amount (NRs.)	Sealed Quotation Validity Period	Bid Document Fee (NRs.)
1	01/BNH/GOODS /2080-081	Procurement and supply of COPD, Cardiac and Diabetic Medicines	55,000	45 days	1,000.00
2	02/BNH/GOODS /2080-081	Procurement and Supply of Medicines	1,05,000	45 days	1,000.00

2. Date, time and place of quotation submission and opening.

Deadline for quotation submission	June 17, 2024 (2081.03.03 B.S.) till 12:00 hours
Date, time and place of quotation opening	June 17, 2024 (2081.03.03 B.S.) at 13:00 hours at Belaka Nagar Aspatal, Rampur, Udayapur
1. Bank Account details for quotation document fee	Account Name: Belaka Nagar Aspatal Account no.: 07700509054000001 Name of Bank: Kumari Bank Limited, Belaka Branch
Account details for bid security amount	Account Name: Belaka Nagar Aspatal Account no.: 07700509054000002 Name of Bank: Kumari Bank Limited, Belaka Branch

3. Interested eligible bidders may obtain further information from Belaka Nagar Aspatal, Rampur, Udayapur at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/.
4. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
5. Belaka Nagar Aspatal, Rampur, Udayapur reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

Chief of Nagar Aspatal

'सिने सर्कल अवार्ड'मा सौगात र स्वस्तिमा उत्कृष्ट

काठमाडौं/मस– 'सिने सर्कल अवार्ड'को सातौं शृंखला सम्पन्न भएको छ । विसं २०८० मा प्रदर्शन गरिएका चलचित्र मध्येबाट २३ विधाका उत्कृष्ट चलचित्रलाई 'आर्मी अफिसर्स क्लब'मा आयोजित समारोहमा अवार्ड प्रदान गरिएको हो ।समारोहमा अभिनेतातर्फ 'अगस्त्य' चलचित्रबाट सौगात मल्ल, अभिनेत्रीतर्फ 'दिमाग खराब'बाट स्वस्तिमा खड्का र सोही चलचित्रबाट निर्देशक निश्चल बस्नेतले अवार्ड प्राप्त गरेका छन् ।

नव निर्देशकको अवार्ड उपेन्द्र सुब्बा (जारी), सम्पादक निमेष श्रेष्ठ (दिमाग खराब), छायाँकार सुशन प्रजापति (दिमाग खराब), पटकथा उपेन्द्र सुब्बा (जारी), खलपात्र प्रमोद अग्रहरि (अगस्त्य), पोस्टर डिजाइन राकेश दाहाल (बुलाकी)ले प्राप्त गर्नुभयो । त्यसैगरि ट्रेलर बन्दे प्रसाद (काँडेतार), स्टन्ट लक्ष्मण सेञ्चुरी (काँडेतार), गायक निशान भट्टराई (परदेशी २), गायिका अन्जु पन्त (बगान), भीएफएक्स अनुपम गौतम (उपहार), द्वन्द्व निर्देशन श्री श्रेष्ठ (अगस्त्य), नृत्य निर्देशन रामजी लामिछाने (नाङ्गो गाउँ), सङ्गीतकार सुवास भुसाल (बगान) ले अवार्ड प्राप्त गरे ।अवार्ड समारोहमा सम्पादक नरेन्द्र खड्का र शृङ्गार कलाकार (मेकअप आर्टिस्ट) अशोक रोक्कालाई जनही नगद ५१ हजारसहित 'दीर्घसाधना सम्मान' प्रदान गरियो । यस्तै, जोडी कलाकारको अवार्ड दयाहाङ राई र मिरुना मगर, 'ट्रेन्ड सेटर' निर्देशकको अवार्ड प्रदीप भट्टराई र रामबाबु गुरुङलाई प्रदान गरिएको छ । गतवर्ष सर्वाधिक व्यापार गर्ने चलचित्रको अवार्ड 'जारी'ले प्राप्त गर्‍यो ।

आयोजित अवार्ड समारोहमा गायक यम बराल, गायिका देवीका बन्दनालगायतले सांगीतिक प्रस्तुती दिए । अवार्डका अध्यक्ष दिनेश डिसीले चलचित्रकर्मीलाई प्रोत्साहन दिने उद्देश्यले अवार्ड दिइएको बताए । उनले भने, 'चलचित्रकर्मीले वर्षभर गर्नुभएको कामको समीक्षा हामीले हाम्रो निर्णायकमार्फत गरेका हौं । उहाँहरूको कामलाई थप प्रोत्साहन दिनु हाम्रो उद्देश्य हो । गएको वर्ष नेपाली चलचित्रका लागि सुखद भएको हामीले बुझेका छौं ।'

'बेहुली फ्रम मेघौली'को पोस्टरमा स्वस्तिमा



काठमाडौं/मस– फिल्म 'बेहुली फ्रम मेघौली'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । शनिबार सार्वजनिक एक पोस्टरमा फिल्मकी मुख्य अभिनेत्री स्वस्तिमा खड्का प्रस्तुत छन् । बेहुलीले लगाउने रातो रंगको साडी र चोलीमा देखिएकी उनी उभिएर ट्याक्टर हाँकिरहेको अवस्थामा चित्रित छिन् । ट्याक्टरमाथि चढेर औंला ठड्याउँदै स्वस्तिमा कसैलाई गाली गरिरहेको देख्न सकिन्छ ।

स्वस्तिमा खड्का र निश्चल बस्नेत निर्माता रहेको फिल्ममा साजन काफ्ले र आकाश बरालको लेखन तथा निर्देशन छ । शंकर पाण्डे र फिरोज खड्का कार्यकारी निर्माता रहेको यो फिल्ममा स्वस्तिमा र निश्चलकै मुख्य भूमिका छ । फिल्ममा आमिर गौतम, विजय बराल, सिम्रन खड्का लगायतको पनि अभिनय रहेको छ ।

निर्माणपक्षले फिल्म हेर्नका लागि दर्शकलाई चुले निम्तो समेत दिएको छ । नामकै कारणले चर्चामा आएको यो फिल्मको फस्टलुकले दर्शकको ध्यान खिचिरहेको छ । यो फिल्मले बिबाहको कथालाई भन्नेछ । चितवनको मेघौलीमा छायाँकन गरिएको यो फिल्मलाई दशैंमा ल्याउने घोषणा गरिए पनि यकिन मिति तय गरिएको छैन ।

Invitation for Quotations

Sigas Rural Muncipality
Office of the Rural Municipal Executive
Garje, Baitadi
Sudurpaschim province, Nepal

Date of publication: 2081/02/20 (2nd Jun, 2024)

Invitation for Quotations for the Procurement of Medicine and Nyano Jhola in Sigas, Baitadi
(Contract Id: SRM/NCB/SQ/MNJ-01/2080/81)

The Sigas Rural Municipality invites sealed quotations for the Procurement of Medicine and Nyano Jhola works through Ebidding Process.

1. Eligible Bidders may obtain further information at our office website at sigasmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np
2. Bidders should deposit the cost of bidding document in the following account
Name of the Bank: Agricultural Development Bank, Sigas Branch Baitadi.
Name of Office: Sigas Rural Municipality
Office Code no. : 80107346 Office Account no.: 0826601983059031 (Aantarik Rajaswa khata
Rajaswa (revenue) Shirshak no. : 27213 and 22512
Note:
(As mentioned in clause 49ka of PPR 2064 clause 49ka, add more relevant information as per required)

Details work

sn	Contract no	Description of work	Estimated WITH VAT Amount (Nrs)	Bid Security Amount (Nrs)	Bid submission last date	Bid Open date and time
1	SRM/NCB/SQ/ MNJ-01/2080/81	Procurement of Medicine and Nyano Jhola in Sigas, Baitadi	18,02,272	45,000.00	2081/3/03 (17th Jun, 2024) 12:00 am	2081/3/3 (17th Jun, 2024) 2:00 pm

Chief Administrative Officer

एनभीए भलिबल प्रतियोगिता

साविक विजेता हेल्प नेपालको विजयी शुरुवात

काठमाडौं/मस- आठौं एनभीए महिला तथा पुरुष भलिबल प्रतियोगिताअन्तर्गत पुरुषतर्फ साविक विजेता टिप टप हेल्प नेपाल, नेपाल पुलिस क्लब र गण्डकी प्रदेश भलिबल संघले विजयी शुरुवात गरेका छन् । नेपाल भलिबल संघको आयोजनामा त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्ड हलमा शनिबारदेखि शुरु भएको प्रतियोगिताको पहिलो खेलमा हेल्प नेपालले बुढानिलकण्ठ भलिबल क्लबलाई ३-१ को सेटमा पराजित गर्दै विजयी शुरुवात गरेको हो। हेल्प नेपालले २५-२०, २५-१२, २७-२९ र २५-२२ को सेटमा जित निकालेको हो ।

दोस्रो खेलमा नेपाल पुलिस क्लबले सुदूरपश्चिम प्रदेशलाई २५-२०, २५-१५ र २५-१६ को सोझो सेटमा हराउँदै जित निकाल्यो । पुरुषतर्फकै अर्को खेलमा गण्डकी प्रदेशले विभागीय नेपाल एपीएफ क्लबलाई ३-१ को सेटमा पराजित गर्दै विजयी शुरुवात गरेको छ । गण्डकीले एपीएफमाथि २५-२२, १९-२५, २५-२० र २५-१९ को सेटमा जित दर्ता गरेको हो । पुलिस, गण्डकी र हेल्प नेपालले समान ३ अंक बटुलेका छन् ।

यस्तै प्रतियोगिताअन्तर्गत महिलातर्फ चन्द्रगिरी न्यु डायमण्ड एकेडेमीलाई पराजित गर्दै विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लबले विजयी शुरुवात गरेको छ । राखेपको कभर्ड हलमा शनिबार सम्पन्न खेलमा एपीएफले न्यु डायमण्डलाई ३-२ सेटले पराजित गरेको हो ।

एपीएफले पहिलो सेट २५-२३ ले जितेको थियो । तर,दोस्रो र तेस्रो सेट भने न्यु डायमण्डले २३-२५ र २०-२५ ले जित्यो । चौथो सेट २५-१५ ले एपीएफले जित्दा खेल लम्बिएको थियो । पाँचौं तथा निर्णायक सेटमा एपीएफले १५-३ ले जित्दै विजयी शुरुवात गऱ्यो ।

प्रतियोगितामा पुरुषतर्फ टिपटप हेल्प नेपाल, एपिएफ, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, कोशी प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र बूढानिलकण्ठ भलिबल क्लबले प्रतिस्पर्धा गर्नेछन् । त्यस्तै महिलातर्फ पुलिस, एपिएफ, न्यु डायमण्ड, आर्मी, एभरेष्ट भलिबल क्लब बुटवल र कर्णालीले प्रतिस्पर्धा गर्नेछन् ।

नेपाली भलिबलकै इतिहासमा सर्वाधिक पुरस्कार राशि ३१ लाख ४० हजार रुपैयाँ लिगमा प्रदान गरिने संघले जनाएको छ । लिगको दुवैतर्फको विजेताले ८ लाख, दोस्रोले ४ लाख र तेस्रो हुने टोलीले २ लाख रुपैयाँ प्राप्त गर्नेछन् । त्यस्तै दुवैतर्फ सर्वोत्कृष्ट खेलाडीले ५० हजार, दुवै तर्फको उत्कृष्ट लिबेरो, सरभर, ब्लकर, लिफ्टर, स्पाइकर र प्रशिक्षकले जनही २० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

नेसनल चेस च्याम्पियनसिप शुरु

काठमाडौं/मस- नेपाल बुद्धिचाल महासंघ र लुम्बिनी इभेन्ट मेनेजमेन्टको संयुक्त आयोजनामा शनिबारदेखि नेशनल चेस च्याम्पियनसिप शुरु भएको छ ।

शनिबार सम्पन्न भएको खुलातर्फ फिडे नेपाल च्याम्पियन फिडे मास्टर क्षितिज भण्डारी, युथ च्याम्पियन पुरुषोत्तम सिलवाल, सिएम मिलन लामा मास्टर, धनुषाका सुशील चौधरी र झापाका राजन सुवेदीले सफलता हात पारी १/१ अंक जोडेका छन् ।

क्षितिजले निकै नै प्रतिस्पर्धात्मक खेलमा पूर्व नेपाल च्याम्पियन काठमाडौंका केशव श्रेष्ठलाई पराजित गरे । त्यसैगरी पुरुषोत्तमले दोलखाका राजिव कार्की माथि सफलता हात पारे भने मिलनले काठमाडौंका प्रेम महर्जन हराएका थिए । सुशीलले झापाका प्रकाश नेपाललाई पन्छाउन सफल भए भने राजनले ललितपुरका सुरोज महर्जनलाई निरास पारे ।

वर्तमान नेपाल च्याम्पियन फिडे मास्टर रुपेश जैशवाल उत्कृष्ट लयमा रहेका श्रुसुरत दाहालले बराबरीमा रोके र अंक बाँड्न बाध्य बनाए ।

राउन्ड रोबिनको प्रणालीमा संचालन भइरहेको प्रतियोगितामा महिलातर्फ पूर्व नेपाल च्याम्पियन सिन्दिरा जोशी, मोरङका शान्ति धिमाल कास्कीका पूजा भण्डारी, काठमाडौंका विनिता कपाली, रिया श्रेष्ठले र पर्साका सुशिला गुरुङले जित निकालेका छन् ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन चरिकोट

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८१/०२/२०

यस कार्यालयको मिति २०८०।१२।३० मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०५/०८०/८१ अनुसार प्राप्त बोलपत्रको प्राविधिक प्रस्तावबाट सफल भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मुल्यांकन हुदाँ तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपशिल

सि.नं.	ठेक्का नं	स्वीकृतीका लागि छनोट भएका बोलपत्रदाताको नाम	कबोल अंक (मु.अ.कर र पी.एस सहित)
1	RDCHT/33701169-04/080/81-21	M/S Golmadevi Engineering and Construction Pvt ltd, Sindhupalchok	10,997,651.83
2	RDCHT/33701169-04/080/81-22	M/S Ephphata//Bajra Mansh JV, Sindhupalchok	56,435,008.48

डिभिजन प्रमुख

कर्णालीलाई पोखरा सेभेन्स रग्बीको उपाधि

कास्की/मस- कर्णाली प्रदेशले पोखरा सेभेन्स राष्ट्रिय रग्बी प्रतियोगिताको उपाधि जितेको छ । शनिबार कास्कीको पोखरा रंगशालामा भएको फाइनल खेलमा आर्मीलाई १५-७ ले हराउँदै कर्णाली प्रदेशले प्रतियोगिताको उपाधि जितेको हो। उपाधिसहित कर्णाली प्रदेशको पुरुष टिमले ट्रफी, मेडलसहित ५० हजार रुपैयाँ प्राप्त गरेको छ। उपविजेता आर्मीले ३० हजार रुपैयाँ जितेको छ।

तेस्रो स्थानका लागि भएको खेलमा एपीएफले बागमती प्रदेशलाई १०-७ ले हरायो। तेस्रो बनेको एपीएफले २० हजार रुपैयाँ हात पारेको छ। विजेता टिमलाई गण्डकी प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव श्रीधर शर्मा, राखेपका बोर्ड सदस्य राजेश गुरुङ, रग्बी संघका महासचिव गोबिन्द घिमिरे, गण्डकी प्रदेश रग्बी संघका अध्यक्ष कुमार थिङ लगायतले ट्रफी, मेडल तथा पुरस्कार रकम प्रदान गरेका थिए।

प्रतियोगितामा सात प्रदेश सहित विभागबाट आर्मी र एपीएफ गरि १० टिम सहभागी थिए । खेलकुदमार्फत पर्यटन क्षेत्रको विकास गर्ने उद्धेश्यका साथ पोखरा महानगरले यस प्रतियोगिताको आयोजना गरेको हो । प्रतियोगितालाई हरेक वर्ष आयोजना गर्ने लक्ष्य राखिएको पोखरा महानगरका खेलकुद विकास समितिका अध्यक्ष दिपक गोदारले जानकारी दिए । प्रतियोगितालाई पोखरा महानगरपालिका खेलकुद विकास समिति र गण्डकी प्रदेश रग्बी संघले संयुक्तरुपमा मिलेर आयोजना गरेका हुन् ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
शाखा कार्यालय, गौर

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

टेकन रायको नाति, खहेरु रायको छोरा, प्यरिया यादवनीको पति रौतहट जिल्ला, मौलापुर न.पा. वडा नं. ०८ भई हाल रौतहट जिल्ला, सोनरनिया गा.पा. वडा नं. ०१ बस्ने राम औतार राय यादवको मिति २०८०/०६/०१ मा मृत्यु भएको कारण यस बैंक (साविक सन्राइज बैंक) को शाखा कार्यालय गौरमा निज मृतकको खाता नं. ०४६०५७०५६७२०५००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी निज मृतकको पत्नी नातापर्ने खेलावन राय यादवको नातिनी, हकिम राय यादवको छोरी, राम औतार राय यादवको पत्नी रौतहट जिल्ला, सोनरनिया गा.पा. वडा नं ०१ बस्ने प्यरिया यादवनीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०८/१३ मा दर्ता भएको **प्रा.लि.नं. ४९३५४** को **होटल पिस टोक्यो प्रा.लि.** को मिति २०८०/०९/२१ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटरः चित्र बहादुर कुत्ताल विष्ट, इजाजत पत्र नं. २१३
ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८४००९३३५८, ९८४३२२४१९५

पर्वत पैयु खोला हाईड्रोपावर कंम्पनी लिमिटेड
टोखा ५, काठमाडौं

विशेष साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/०२/२०

यस पर्वत पैयु खोला हाईड्रोपावर कम्पनी लिमिटेड कम्पनीको मिति २०८१/०२/१० गते बसेको संचालक समितिको बैठकबाट निर्णय भए बमोजिम कम्पनिको बिशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बसी तपसिल बमोजिमका विषय प्रस्तावहरु उपर छलफल गर्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थानः
मिति : २०८१ आषाढ ३ गते, सोमबार ।
समय : बिहान १०:०० देखि ३:०० बजेसम्म ।
स्थान : टोखा ५, काठमाडौं, कम्पनीको कार्यलय ।

छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची तथा प्रस्तावशहरुः
क) सामान्य प्रस्तावहरु :
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने प्रतिवेदन सम्बन्धमा ।
ख) विशेष प्रस्ताव :
१. प्रारम्भिक सेयर निष्काशन गर्ने सम्बन्धमा ।
३. स्वतन्त्र सञ्चालक नियुक्ती गरि सञ्चालक लगत कायम गर्ने सम्बन्धमा ।
४. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा कुनै संसोधन गर्नुपरेमा वा प्रस्तावित संसोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन समायोजन गर्न सम्पूर्ण अख्तियारी सञ्चालन समितिलाई दिने सम्बन्धमा ।
५. कम्पनिको आयोजना, संरचना बिक्री वा हस्तान्तरणको लागि आवश्यक प्रकृया पुरा गर्न गर्नुपर्ने सम्पूर्ण काम कारबाहीका लागि अख्तियारी सञ्चालन समितिलाई दिने सम्बन्धमा ।
६. कम्पनीको नियमावलीको नियम १८ मा संसोधन गर्ने सम्बन्धमा ।

अन्य जानकारीको लागि कम्पनिको सम्पर्क नं.:
०१-४९६५४२५,९८४६५२४५६० मा सम्पर्क गर्नुहुन पनि अनुरोध गरिन्छ ।

कतारमा रोजगारको अवसर

कम्पनीः EVEREST DELIVERY
शहरः Doha

पुर्व स्वीकृत मितिः २०८०/०३/२९ चलानी नं.: ६०२०४५८१ L.T. No.:289280 पुनः विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Business Executive	5	0	सम्बन्धित काममा दक्ष	2500	९१,२२५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Marketing	4	0		2500	९१,२२५							
3.	Mechanic	2	0		1500	५४,७३५							
4.	Purchase Rep.	1	0		2500	९१,२२५							
5.	Representative	2	0		2800	१०२,१७२							
6.	Supervisior	8	0		2500	९१,२२५							

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८१ जेठ २६ गते (9 June 2024) हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले व्यहोर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	कामदारले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AL NASEER OVERSEAS PVT. LTD.
Gov. Lic No. 141/055/056
Sinamangal-9, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 01-4116686,014566772,014566771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

---

यूएईमा रोजगार

कम्पनी : NASSER ELSAYED TECHNICAL SERVICES CO. LLC
शहरः UAE

पूर्व स्वीकृत मितिः २०८१/०२/१८ चलानी नं.: ६०२२०३६५ LT. No.: 305616

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Mason	5	0	सम्बन्धित काममा दक्ष	1200	४३,५३६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Painter	5	0		1200	४३,५३६							
3.	Steel Fixer	5	0		1200	४३,५३६							
4.	Carpenter	5	0		1200	४३,५३६							
5.	Laborer	10	0		900	३२,६५२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ २७ गते (9 June 2024) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले तिर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	कामदारले तिर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १५००/- कामदारले तिर्ने	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

H.M.T. Overseas Pvt. Ltd.
Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9803515104, 9842036587, 9808466028, 9816731487, 9862504026, 9808635854, 9869317171

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशन मिति : २०८१/०२/२०)

यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत E–Bidding मार्फत तपशिल बमोजिमको सार्वजनिक खरिद कार्य गर्नुपर्ने भएकोले तपसिल कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

ठेक्का नं.	विवरण	बोलपत्र फारम दस्तुर	जमानत रकम	खाता विवरण
TBM/G/SQ-44/080/81	Procurement of Rescue equipments	१०००/-	४०,०००/-	१) आन्तरिक राजस्व खाताः १६१२०५००२८२९६००२ २) धरौटी खाताः १६१२०५०५२३८८८०१३ बैंकः NIC Asia Bank, Bhurigaun Branch
TBM/G/NCB-45/080/81	Supply and Delivery of Agricultural Machinery	३०००/-	१,६०,०००/-	

यो सूचनाको विस्तृत जानकारीका लागि PPMO को Website: www.bolpatra.gov.np/egp बाट Download गरि प्राप्त गर्न सकिने छ वा यस नगरपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

भुजुङ्ग हाइड्रोपावर लिमिटेड
टोखा १०, काठमाण्डौ

विशेष साधारण सभा बस्ने बारेको अत्यन्त जरूरी सूचना

मिति २०८१/०२/१७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयले यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, समय र स्थानमा देहायका विषयमा छलफल गर्न बस्ने भएकोले यसै सूचनालाई आधार मानी उक्त विशेष साधारण सभामा उपस्थित भई सक्रिय सहभागिता जनाई दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ ।

विशेष साभारण सभा हुने :
मिति : २०८१/०३/०२ गते आइतबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय
काठमाण्डौ जिल्ला, टोखा न.पा.वार्ड नं. १०
सामाखुशी, काठमाण्डौ ।

विशेष साधारण सभामा छलफल हुने विषयहरू :
(क) कर्जा सुविधा लिने सम्बन्धमा ।
(ख) प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन सहित पूँजी बृद्धि सम्बन्धमा ।
(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६१/०६/०१ मा दर्ता भएको **प्रा.लि.नं. ३०३८१८** को **सूर्योदय सेवा प्रा.लि.** को मिति २०८०/०८/२५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटरः चित्र बहादुर कुत्ताल विष्ट, इजाजत पत्र नं. २१३
ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८४००९३३५८, ९८४३२२४१९५

राजनीतिक अस्थिरता बजेट कार्यान्वयनको प्रमुख समस्या

डा. रघुवीर विष्ट
अर्थशास्त्री

आगामी आर्थिक वर्ष २०८१/८२ का लागि १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको बजेट विनियोजन गरिएको छ । सो बजेटले मुलुकमा लगानी वृद्धिका साथै आर्थिक क्रियाकलाप बढाउने अपेक्षा अर्थमन्त्री वर्षमान पुनले गरेका छन् । उत्पादन, उत्पादकत्व, रोजगारी वृद्धिको साथै निजी क्षेत्रको मनोबल बढाउन बजेट कति सफल होला ? के आगामी आर्थिक वर्षको बजेटले देशको अर्थतन्त्रलाई सहि ट्र्याकमा ल्याउन सक्ला ? प्रस्तुत छ, बजेटसँग सम्बन्धित विषयमा रहेर अर्थशास्त्री **डा. रघुवीर विष्ट**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

सरकारले आगामी आर्थिक वर्षको लागि ल्याएको बजेटलाई कसरी लिनुभएको छ ?

नेपालको अर्थतन्त्रको अवस्था अहिले शिथिलताबाट गुज्रिरहेको छ। आगामी आर्थिक वर्षको बजेटलाई अर्थतन्त्रको कोणबाट हेर्ने हो भने बजेट त्यति उत्साहपूर्ण छैन । तर, बजेटले केही गर्न खोजेको भने देखिन्छ। बजेटमा जुन ढंगले उत्पादन, रोजगारी र निजी क्षेत्रका केही मागलाई सम्बोधन गर्न खोजिएको छ, त्यसले केही भएपनि आशा जगाउला की भन्ने अपेक्षा गरिएको छ।

हाम्रो बजेटको समस्या के छ भने राजस्वको स्रोत र साधनको सुनिश्चिता नै चुनौतीपूर्ण देखिन्छ। बजेटले राजस्वको लक्ष्य १२ खर्ब ६० अर्ब ३० करोड छ। आन्तरिक र बाह्य ऋण र बैदेशिक अनुदान रकम समेत बढाएको छ। चालु खर्च र राजस्वको लक्ष्य उस्तै छ त्यसैले बजेटले विकास निर्माणको खर्च भने ऋणबाटै गर्नुपर्ने छ। चालु खर्च, शासकीय प्रणालीमा हुने खर्चको दवावलाई पुरा गर्न नसक्ने राजस्व छ। विकास निर्माणको सबै काम ऋणमा निर्भर भएर बजेट कार्यान्वयन गर्ने भएकाले ऋण कै कारणले बजेट गोलमान बन्न सक्छ। संघीयता कार्यान्वयनको लागि ऋण दिएर स्थानीय र प्रदेशमा खर्च गर्नु पर्ने अवस्था छ

। यस्तै वित्तीय व्यवस्थापनमा सावाँ र ब्याज तिर्न समेत ऋण लिनु पर्ने बाध्यता छ।

वित्तीय व्यवस्थापनको खर्च बढ्दै जानुलाई कसरी हेर्ने सकिन्छ ?

बजेटमार्फत् वित्तीय व्यवस्थापनको लागि धेरै नै खर्च हुने गरेको छ। यो आगामी वर्षमा थप बढ्ने देखिन्छ। हाम्रो राजस्वले चालु खर्च नै धान्न नसक्ने अवस्था छ। पुँजीगत खर्चको लागि ऋणको भरले वित्तीय व्यवस्थापन बढ्ने नै छ। अहिले जसरी वित्तीय व्यवस्थापनमा रकमको व्यवस्था गर्न परेको छ, त्यसले हाम्रो देश निर्माणलाई असर गरिरहेको छ। ऋण लिएर सावाँ ब्याज भुक्तानी गर्ने अवस्था छ। वित्तीय व्यवस्थापनको खर्च बढ्दा बजेट कार्यान्वयनमै समस्या आउँछ भने ऋणको बोझले कर दाता चेपुवामा सधैं नै पर्नेछन् । सरकारले राजस्वबाट नै आम्दानीको स्रोत व्यवस्था गर्ने भएकाले कर तिर्नेहरुमा धेरै बाध्यता सृजना हुन्छ। जसले हाम्रो अर्थतन्त्रको बजार, उत्पादन र उपभोगमै अस्थिरता, अन्योलता र असन्तुलन ल्याउने काम गर्छ। अहिले गाउँको दूरदराजमा बसेको व्यक्तिले समेत त्यो ऋणको बोझ लिइरहनु परेको अवस्था छ।

बजेटले आर्थिक मन्दीलाई सुधार गर्ने अपेक्षा गर्न सकिन्छ ?

तथ्यांकलाई हेर्ने हो भने उद्योग, निर्माण व्यवसायी, जग्गा व्यापार, उपभोग लगायतको क्षेत्रमा आर्थिक मन्दी छ। बजेटमा उद्योगको आर्थिक मन्दी हटाउनका लागि लगानी र राजस्वको दर नै कटौती गरेर सहजीकरण गर्ने हो तर, यो दुवै चीज यसमा गरेको देखिँदैन। बजेटले मन्दीलाई धेरै मात्रामा चिनेको छ, तर पुर्णरुपमा भने चिन्नसकेको छैन। बजेटमा भएका कार्यक्रम र नीतिहरुले आर्थिक मन्दी हटाउन त्यति सहज देखिँदैन। अझैपनि यो बजेटले मन्दीको समस्या चिर्छ की चिर्दैन भन्ने चिन्ताकै बिषय छ। हाम्रो आफ्नै स्रोतले आर्थिक मन्दी चीर्नको लागि सक्षम देखिँदैन। निर्माण व्यवसायको क्षेत्रमा शिथिलता उस्तै छ।

बजेट धेरै छरिएर आएको हुँदा मन्दीलाई पूर्णरुपमा हटाउन सक्ने अवस्था निकै कमजोर देखिन्छ। अर्को कुरा घर जग्गामा पनि मन्दी छाएको छ। ३९ प्रतिशतको हाराहारीमा कर छ। सरकारको नियन्त्रणमुखी र नियमनमुखी तरिकाले बजारमा चलायनमान हुने देखिँदैन। अहिले जनतासँग पैसा छैन, उद्योग व्यवसाय राम्रोसँग चलेका छैनन्। साथै बजारमा मागपनि घट्दै गएको अवस्था छ। त्यसको असर सरकारले अपेक्षित राजस्व उठाउन नसक्ने हुनसक्छ। मन्दीको समस्यालाई समाधान गर्न स्थिर सरकारले मात्र गर्न सक्छ। अर्थतन्त्रको संकटलाई सम्बोधन गर्न सक्यो भने आर्थिक क्रियाकलाप बढ्छ, जसले गर्दा राजस्वपनि बढाउँछ।

साथै उद्योगमा अहिले उत्पादन घटेको अवस्था छ त्यसलाई बढाउन कच्चा पदार्थ आयात गर्नेका लागि एक तह र उत्पादित सामान ल्याउँदा एक तह बढाउने मात्र गरिएको छ। अरु विषय कार्यक्रम बजेटमा देखिँदैन। पेट्रोलियम पदार्थमा एक प्रतिशत हरित कर लगाउने राम्रो काम होला तर, त्यसको नकारात्मक असर उद्योग, व्यवसाय, उपभोग्य समानमै पर्छ। त्यसले फेरी मन्दीलाई नै प्रसय दिन्छ। बजेटले मन्दी प्रत्यक्ष रुपमा सम्वोधन गर्दैन तर, अप्रत्यक्ष रुपमा बजेटमा आएका केही कार्यक्रम लागू भयो भने केही मात्रामा भएपनि मन्दीबाट माथि उठाउन सक्छ।

बजेटले दिएको प्राथामिकतालाई कसरी हेर्न सकिन्छ ?

बजेटमा आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन गर्ने, कृषि, ऊर्जा, सूचनाप्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण लगायतका प्राथामिकता दिइएको छ। बजेटमा कृषिलाई लगानी वर्षको रुपमा धेरै कार्यक्रममार्फत् सम्बोधन देखिन्छ। तर, चालु वर्षको बजेटको तुलनामा कृषि क्षेत्रमा आगामी आवको बजेट घटेको छ। बजेटमा जे कुराको प्राथामिकता भनिएको छ, त्यो रकममा छैन। बजेट विनियोजन गरेपछि स्वाभाविक रुपमा जुन आशा गरेको हिसाबमा जुन लक्ष्य र अनुमान राखेका छौं त्यो हासिल गर्न साह्रै कठिन हुन सक्छ।

बजेटमा आइटी क्षेत्रबाट ३० अर्बको नियार्त लक्ष्य राखिएको छ। पाँच लाख रोजगारीको सृजना गर्ने भन्ने छ। त्यसका लागि बजेटमा बिनियोजन गरेको कार्यक्रमको स्रोत र साधन व्यवस्थापन हुनु पर्‍यो। अर्को सबैभन्दा गम्भीर प्रश्न भनेको जसले बजेट बनाए, ल्याए, अर्थमन्त्री भए ती एक वर्षसम्म कता-कता पुग्छन। त्यसैले बजेट कार्यान्यवमा हुन्छन की हुँदैन भन्ने प्रश्न पछिल्लो समय गम्भीर बनेको छ। कार्यान्वयन पक्ष, स्रोतको व्यवस्थापन, राजनीतिक स्थिरताले नै सरकारले राखेको उद्देश्य, प्राथामिकता र रणनीतिमा कसरी अगाडि बढ्छ भन्ने नै हो। अर्को राजनीतिले ल्याएको समस्या भनेको खर्चको बोझ हो। त्यसलाई छिटो समाधान गर्नुपर्ने देखिन्छ। जबसम्म राजस्वले चालु खर्च र केही मात्रमा भएपनि पुँजीगत खर्च धान्न सक्ने अवस्था आउँदैन हाम्रो अर्थतन्त्रलाई सन्तुलित, स्थिर र अगाडि बढ्ने वातावरण बन्न निकै कठिन हुन्छ।

भनेपछि बजेटमा तय गरिएको लक्ष्य प्राप्ति गर्न गाह्रो छ ?

यो बजेटको कार्यान्वयनको प्रमुख आधार भनेको राजनीतिको स्थिरता हो। अर्थमन्त्री वर्षमान पुनले बजेट ल्याइसकेपछि त्यसलाई कार्यान्वयन गर्न पाउनु हुन्छ की हुँदैन भन्ने हो। अर्थमन्त्रीले आफूले ल्याएको बजेट पुरै कार्यकालभरी परीक्षण गर्न पाउनु होला ? बजेट ल्याएपछि कार्यान्वयन भन्दा पनि सरकारलाई कसरी टिकाउने भन्ने नै हुन्छ। बजेटको परिणामको मुल्यांकन गर्ने अवस्था आर्थिक वर्षको शुरु देखि नै गर्नुपर्ने हुन्छ। तर, गत वर्षको बजेटलाई हेर्ने हो भने एक अर्थमन्त्रीले बजेट ल्याए, अर्कोले कार्यान्वयन गर्न लागे, परिणाम भोग्ने अर्को अर्थमन्त्री छन्। यस्तै फेरी दोहोरियो भने बजेट कार्यान्वयनमा अवश्य समस्या हुन्छ। जुन आकांक्षामा बजेट आएको छ। सोहीअनुसार कार्यान्वयन, परीक्षण, परिणामको मूल्यांकन गर्ने अवसर स्थिर सरकारमार्फत् हुने हो भने एक वर्ष भित्र केही छनक देखिन भने सक्छ।

लगानी सम्मेलनका १२ परियोजनाको आशयपत्र माग गर्ने समय थप

काठमाडौं/मस - गत वैशाख १६ र १७ गते काठमाडौंमा आयोजना भएको तेस्रो लगानी सम्मेलनका क्रममा सोकेसमा राखिएकामध्ये १२ वटा परियोजनाको आशयपत्र (एक्सप्रेसन अफ इन्ट्रेस्ट-इओआई) माग गर्ने समय थपिएको छ। लगानी बोर्डकाअनुसार लगानीकर्तालाई आशयपत्र पेस गर्न थप ३० दिनको समय दिइएको छ।

'आशयपत्र माग गर्ने समय बढाउँदा थप आशयपत्र आउनसक्ने र प्रतिस्पर्धा हुने भएकाले यस्तो निर्णय भएको हो', बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले भने। लगानी बोर्डका अनुसार पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र तथा प्रदर्शनी केन्द्र, चन्द्रागिरी-चित्लाङ-पालुङ-चितवन दुतमार्ग, जानकी हेरिटेज होटेल एण्ड कल्चरल भिलेज, धुलिखेल मेडिसिटी परियोजना, सुदूरपश्चिम सार्वजनिक यातायात परियोजना, बबरमहल प्रशासनिक प्लाजा परियोजना, दैजी औद्योगिक क्षेत्र र गौतमबुद्ध प्रसूति अस्पतालको आयशपत्र पेस गर्ने समय आगामी असार १८ गते (२०२४ जुलाई २) सम्मका लागि थपिएको छ।

त्यस्तै, नौमुरे बहुउद्देश्यीय परियोजना, कालीगण्डकी-२ जलाशययुक्त जलविद्युत् आयोजना, खिम्ती ठोसे शिवालय जलाशययुक्त जलविद्युत् आयोजना, भारबुङ जलाशययुक्त जलविद्युत् आयोजनाको आशयपत्र पेस गर्ने समय आगामी असार २८ गते (२०२४ जुलाई १२) सम्मका लागि थप गरिएको लगानी बोर्डले जनाएको छ। आशयपत्र पेस गर्ने समय थप गरिएका यी आयोजना लगानी बोर्डमार्फत् अगाडि बढाउने तयारी भइरहेको छ।

तेस्रो लगानी सम्मेलनका क्रममा विभिन्न २० वटा आयोजनालाई लगानीकर्ताहरुबाट आशयपत्र माग (एक्सप्रेसन अफ इन्ट्रेस्ट-इओआई) गर्नेगरी सोकेसमा राखिएको थियो। आयोजना पहिचान भएर पूर्वसम्भाव्यता अध्ययन सम्पन्न भएका तथा विकासका लागि प्रारम्भिक चरणका कामसमेत अघि बढिसकेका आयोजनाहरुमा लगानी सम्मेलनमार्फत् स्वदेशी तथा विदेशी लगानीकर्ताबाट आशयपत्र माग गरिएको थियो।

काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिकामा धुलिखेल मेडिसिटी परियोजनालाई विशिष्टिकृत (सुपर स्पेशलिटी) अस्पतालका रुपमा परिकल्पना गरेर प्रस्ताव तयार गरिएको छ। यो परियोजनाको प्रस्तावित लागत ११ अर्ब रहेको छ। आधुनिक प्रविधिसँगै विशेषज्ञ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले यो परियोजना निर्माण गर्ने सरकारको योजना रहेको छ। विश्वस्तरीय स्वास्थ्य केन्द्र स्थापना र स्वास्थ्य सेवा लिनका लागि स्वास्थ्य पर्यटनको केन्द्रका रुपमा विकास गर्ने परियोजनाको लक्ष्य छ।

सुदूरपश्चिम सार्वजनिक यातायात परियोजनाअन्तर्गत कैलाली, कञ्चनपुर र डोटी जिल्लाको यातायात अवस्थालाई

नेपाल सरकार
लगानी बोर्डको कार्यालय
Office of the Investment Board

सुधार गर्ने लक्ष्य राखिएको छ। परियोजनामा एक सय ७२ बस (६८ डिजेल बस, एक सय चार विद्युतीय बस) तथा ४७ बस बिसौनी प्रस्ताव गरिएको छ। धनगढीदेखि चिसापानीसम्म २१ वटा, टीकापुर-लम्कीसम्म चार वटा, कञ्चनपुरको गड्डाचौकीदेखि अत्तरियासम्म १० वटा र अत्तरियादेखि डोटीसम्म १२ वटा बस बिसौनी निर्माण हुनेछ। सो सडकखण्डका विभिन्न स्थानमा पेट्रोल पम्प र चार्जिङ स्टेशनहरु पनि निर्माण गर्ने योजना छ। यसको प्रस्तावित लागत ३१ अर्ब १३ करोड बराबर रहेको छ। यो परियोजना निर्माण शुरु भएको तीन वर्षभित्र बनाइसक्ने लक्ष्य लिइएको छ। सुदूरपश्चिममा विद्युतीय बस सञ्चालन र यातायात सुविधाहरुमा स्तरोन्नति गर्नका लागि सन् २०२३ मा पूर्वसम्भाव्यता अध्ययन गरिएको थियो।

जलविद्युत् उत्पादन र सिँचाइका लागि नौमुरे बहुउद्देश्यीय आयोजना निर्माणका लागि पनि लगानी सम्मेलनमार्फत् प्रस्ताव आह्वान गरिएको थियो। यो आयोजनाको लागत ९२ अर्ब अनुमान गरिएको छ। कुल दुई सय ८१ दशमलव ०४ मेगावाट उत्पादन क्षमताको यो परियोजनाले तीनवटा जलविद्युत् योजनालाई समेटेको छ। जसमा नौमुरे (२१८ दशमलव ३४ मेगावाट), लामाताल (आठ मेगावाट), र सुरैनाका (५४ दशमलव सात मेगावाट) क्षमताका छन्। कपिलवस्तु सिँचाइ प्रणालीसँगै यसले देउखुरी उपत्यकाको विद्यमान सिँचाइ प्रणालीलाई पनि समेट्छ। यो परियोजनाबाट बाँकेमा ४२ हजार सात सय ६६ हेक्टर र कपिलवस्तुमा २९ हजार सात सय ३६ हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य लिइएको छ।

एक हजार दुई सय १६ मेगावाट विद्युत् उत्पादन क्षमताको खिम्ती ठोसे शिवालय जलाशयुयुक्त आयोजना दोलखा र रामेछापको सिमानामा पर्छ। यो नेपालका ठूला जलविद्युत परियोजनामध्येको एक हो। यो आयोजनाको प्रस्तावित लागत अनुमान दुई खर्ब ८९ अर्ब ७७ करोड बराबर रहेको छ। तनहुँ, पाल्पा, नवलपुर र स्याङ्जामा निर्माण प्रस्ताव गरिएको कालीगण्डकी-२ जलाशययुक्त जलविद्युत् आयोजनाको विद्युत् उत्पादन क्षमता छ सय ५० मेगावाट रहने छ। कुल एक खर्ब ७४ अर्ब ७३ करोड बराबर लागत अनुमान गरिएको यो परियोजनाका लागि १० हजार नौ सय ३४ हेक्टर जमिन आवश्यक पर्नेछ। सत्तरी प्रतिशत ऋण तथा ३० प्रतिशत स्वपुँजी रहने गरी यो आयोजनाको वित्तीय व्यवस्थापनको ढाँचा प्रस्ताव गरिएको छ। आयोजनाको पूर्वसम्भाव्यता अध्ययनको काम सकिसकेको छ भने सन् २०२५ सम्ममा वातावरणीय प्रभाव मूल्यांकन सकिसक्ने लक्ष्य राखिएको छ।

तीन सय ७७ दशमलव एक मेगावाट उत्पादन क्षमता र ८० अर्ब १२ करोड बराबर लागत अनुमान गरिएको भारबुङ जलाशययुक्त जलविद्युत आयोजनालाई पनि लगानी सम्मेलनमार्फत् आशयपत्र माग गर्नका लागि सोकेसमा राखिएको थियो। यो आयोजना डोल्पाको ठूलीभेरी नदीमा निर्माण गर्ने प्रस्ताव गरिएको छ। आयोजनाको पूर्वसम्भाव्यता अध्ययनको काम सकिसकेको छ भने सन् २०२४ भित्रै सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्यांकन सकिसक्ने लक्ष्य राखिएको छ।

लगानी बोर्डकाअनुसार पोखरा अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रदर्शनी केन्द्र परियोजनाको अनुमानित लागत तीन अर्ब ७२ करोड रहेको छ। यस परियोजनाअन्तर्गत पाँच तारे होटल, रेष्टुराँ, संग्राहालय र बालउद्यान सञ्चालन गर्ने लक्ष्य राखिएको छ। जसमा पाँच सय जनासम्म अटाउन सक्ने एम्पिथिएटर, दुई वटा प्रदर्शनी कक्ष, पाँचतारे होटल (दुई सय कोठाको), रेस्टुराँ र फूड कोर्ट, संग्राहालय र स्मारिका कोठा, बालउद्यान, तीन हजार मानिस अटाउने सम्मेलन केन्द्र, पिकनिक क्षेत्र रहने गरी आयोजना प्रस्ताव गरिएको छ।

लगानी सम्मेलनका क्रममा दैजी औद्योगिक क्षेत्र परियोजनाका लागि पनि लगानीकर्ताबाट आशयपत्र माग गरिएको थियो। यो औद्योगिक क्षेत्रको अनुमानित लागत आठ अर्ब ६० करोड रहेको छ। यस औद्योगिक क्षेत्रको औद्योगिक उत्पादन र उत्पादकत्वमा सुधार गर्ने र स्थानीय विशेषज्ञता, उपलब्ध स्रोतसाधनको उपयोग गर्ने र निर्यात प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ। जसअन्तर्गत एक सय औद्योगिक प्लट, ठूला सवारी साधन पार्किङ क्षेत्र, प्रशासनिक ब्लक, हेलिप्याड, पेट्रोल पम्प, तौल स्टेशन, पानी आपूर्ति र फायर फाइटिङ प्रणाली, विद्युतीय प्रणाली जडान गर्नेजस्ता काम परियोजनाभित्र प्रस्ताव गरिएका छन्। विभिन्न सरकारी कार्यालयहरु राख्ने लक्ष्यका साथ बबरमहल प्रशासनिक प्लाजा निर्माणका लागि लगानी सम्मेलनमार्फत् आशयपत्र माग गरिएको थियो। कुल २० हजार २१ वर्ग मिटरमा फैलिएको यो परियोजनाको अनुमानित लागत १० अर्ब २० करोड रहेको छ। लगानी बोर्डद्वारा अध्ययन भएको चन्द्रागिरी-चित्लाङ-पालुङ-चितवन द्रुतमार्ग परियोजनाको अनुमानित लागत दुई खर्ब २१ अर्ब रहेको छ। प्रस्तावित यस द्रुतमार्गले चितवनबाट काठमाडौं उपत्यका जोड्ने यातायात सञ्जाललाई छिटो र भरपर्दो बनाउने लक्ष्य लिइएको छ । यो सडक पूर्वाधारका क्षेत्रमा लगानीका लागि प्रस्ताव गरिएको ठूलोमध्येको एक आयोजना हो।

त्यसैगरी, लगानी बोर्डद्वारा अध्ययन गरिएको जानकी हेरिटेज होटेल एण्ड कल्चरल भिलेज परियोजनाको अनुमानित लागत दुई अर्ब ३५ करोड रहेको छ। जनकपुरधामलाई मुख्य पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न तथा त्यस क्षेत्रलाई पर्यापर्यटनका रुपमा विस्तार गर्न यो परियोजना निर्माणका लागि प्रस्ताव गरिएको छ।

तातोहावा 'लु' का असर तथा लक्षण

- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने,
- टाउको अत्याधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
- छाला सुख्खा, रातो र तातो हुने,
- यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**